जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याग गरौं।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २६ •अंक ४५ •२०८१ साल असार १९ गते बुधबार (3 July, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सरकार छाड्न प्रचण्डलाई एमालेको आग्रह

# विपक्षी दलहरुको विश्वास देउवासित, राष्ट्रिय सरकारको खाका बनाइँदै



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्यको सहमति भएसँगै राष्ट्रिय सरकार गठनको तयारी तीव्र भएको छ।

कांग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच सोमबार मध्यरातमा एमाले नेतृत्वको सरकार बनाउने सहमति भएको थियो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई हटाएर एमाले अध्यक्ष ओलीको नेतृत्वमा राष्ट्रिय सरकार बनाउने सहमतिलाई राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), जनता समाजवादी पार्टी(जसपा)नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले स्वागत गरेका छन्।

एमाले सचिवालयको बैठकले प्रधानमन्त्री प्रचण्डलाई बुधबारसम्म राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न आग्रह गरेको छ । बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले राष्ट्रिय सरकार गठनका लागि दुई ठूला दलबीच सहमति भइसकेकाले प्रधानमन्त्री प्रचण्डलाई मार्ग प्रशस्त गर्न आग्रह गरिएको बताए।

पार्टी कार्यालय च्यासलमा मंगलबार बसेको सचिवालय बैठकले एमाले र कांग्रेसबीच भएको सहमतिअनुरुप संविधानको धारा ७६ (२) को व्यवस्थाबमोजिम सरकार निर्माणका लागि बुधबारसम्ममा मार्गप्रशस्त गर्न प्रधानमन्त्री प्रचण्डलाई आग्रह गर्ने निर्णय गरेको छ।

एमालेको बैठकले राष्ट्रिय सरकार गठन प्रक्रियामा सहभागी हुन प्रतिनिधि सभामा रहेका सबै दलहरुलाई आह्वान गरेको ज्ञवालीले बताए । तर एमालेले आफ्ना मन्त्रीहरुलाई सरकारबाट फिर्ता बोलाएको छैन।

तर नेकपा माओवादीका नेताहरुले प्रधानमन्त्री प्रचण्डले राजीनामा नगर्ने बताउँदै संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै संसदमा विश्वासको मत लिने बताएका छन् । 'ठूला दलहरु अपवित्र गठबन्धन गरेका छन्' माओवादी नेता देवेन्द्र पौडेलले भने, प्रधानमन्त्रीले संसदमा विश्वासको मत लिने छन् । कसैले भन्दैमा राजीनामा नगर्ने उनले बताए।

प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरुलाई डाकेर सरकारबाट कुनै दलले समर्थन फिर्ता नलिएकाले नियमित कार्यहरु गरिरहन निर्देशन दिएका छन्।

एमालेले सचिवालयको बैठक गरिरहेको बेला कांग्रेस सभापति देउवाले आफ्नै निवासमा विपक्षमा रहेका दलका नेताहरुसित सत्ता साझेदारी विषयमा छलफल गरेका थिए । कांग्रेससित राप्रपा, जसपा, लोसपा र राष्ट्रिय जनमोर्चा सहकार्य गरिरहेका थिए ।बैठकमा सहभागी एकजना नेताका अनुसार सत्ता गठबन्धन गर्ने कांग्रेसको निर्णयलाई स्वागतगर्दै साथ रहने सबै दलका नेताहरुले प्रतिवद्धता जनाएका छन्।

तर सरकारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सरकारमा सहभागी नहुने बताएका छन् । 'भ्रष्टाचारका ठूला फाइलहरु खोल्न लागेको २४ घण्टा नबित्दै सत्ताका लागि नयाँ गठबन्धन भएको छ' उनले भने, नक्कली भुटानी शरणार्थी र गिरिबन्धु टी स्टेटको फाइल रोक्न नै रातारात गठबन्धन भएको छ।

माओवादी केन्द्रका सचिव गणेश साहले पनि सरकारमा सहभागी नहुने बताएका छन्। 'राष्ट्रिय सरकारको नाममा संविधान संशोधन गरी संघीयतालाई समाप्त पार्ने काममा हामी लाग्दैनौ' उनले भने, जनअधिकारको रक्षार्थ सरकार बाहिरबाट नै लाग्नेछौं।

दुई ठूला दल मिलेर सरकारका लागि चाहिने सामान्य बहुमत १ सय ३८ को भन्दा धेरै बढी अर्थात १ सय ६६ सांसद रहेका छन्। त्यस मध्ये कांग्रेसको ८८ जना र एमालेको ७९ जना सांसद रहेका छन्।

प्रधानमन्त्री प्रचण्डले सहजै राजीनामा नदिए सत्ता परिवर्तन पेँचिलो बन्ने देखिन्छ।

## मधेश प्रदेश सरकारको टुंगो २० गते

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीय सत्ता गठबन्धनमा भएको परिवर्तनको प्रभाव तत्काल मधेश प्रदेशमा पर्ने भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले २१ गते विश्वासको मत लिने तयारी गरेका छन्।

एमाले, माओवादी केन्द्र, नेकपा एस, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा जनमत पार्टीका सांसद सिंह जेठ २८ गते मुख्यमन्त्री नियुक्त भएका हुन्।

मधेश प्रदेशको नीति तथा कार्यक्रम र बजेट प्रदेश सभामा प्रस्तुत भइसकेपनि मुख्यमन्त्री सिंहले बहुमत लिएका छैनन्।

संघीय गठबन्धनमा कांग्रेस, एमाले, जसपा नेपाल, लोसपा र राप्रपा सहभागी हुने निश्चित भइसकेको बेला जनमत पार्टीको आधिकारिक धारणा सार्वजनिक भएको छैन।

एमालेसमेतको समर्थनमा ५४ जनाको समर्थन प्राप्त सरकारको विपक्षमा रहेका कांग्रेस, जसपा नेपाल, लोसपा र राप्रपाको पक्षमा ५० जना सभासद छन्।

कांग्रेस संसदीय दलका नेता एवं पूर्व मन्त्री कृष्णा यादवले सरकारलाई विश्वासको मत दिने विषयमा २० गते छलफल हुने बताएका छन्।

एमाले संसदीय दलका नेतासमेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले मधेश सरकार बारे छलफल नै नभएको बताए। तर जसपा नेपाल, लोसपा र राप्रपाले जनमतलाई समर्थन नगर्ने धारणा सार्वजनिक गरिसकेका छन्।

यस अनुसार मधेश प्रदेश सरकारले विश्वासको मत पाउने सम्भावना न्यून रहेको देखिन्छ।









# कांग्रेस र एमालेबीचको सहमतिप्रति राप्रपा सकारात्मक

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सहमति सकारात्मक भएको प्रतिक्रिया दिएको छ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा मंगलबार बसेको पदाधिकारी बैठकले पछिल्लो विकसित राजनीतिक घटनाक्रमको समीक्षा गर्दै कांग्रेस र नेकपा एमालेबीच भएको सरकार बनाउने नयाँ सहमति सकारात्मक भएको प्रतिक्रिया दिएको हो।

"अहिले कांग्रेस र एमालेबीच नयाँ सहमतिका साथ सरकार बनाउने कुरा आएको छ जुन स्वागतयोग्य छ", बैठकपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भन्नुभयो, "यो सहमतिको मूल विन्दु भनेको संविधान संशोधन हो । संविधान संशोधनका लागि मुख्य र दोस्रो दल मिलेर सरकार बनाउने विषय सकारात्मक छ।"

राप्रपाले लामो समयदेखि संविधान संशोधनको विषय उठाउँदै आएको र त्यसका निम्ति नयाँ समझदारी कायम गरेर जानुपर्ने धारणा पार्टीको रहेको अध्यक्ष लिङ्देनको भनाइ छ ।

बैठकले विकसित राजनीतिक घटनाक्रमको समीक्षा गर्दै अहिले नै ठोस धारणा बनाएर निष्कर्षमा नजाने निचोड निकालेको छ।

यसका निम्ति सबै राजनीतिक दलहरुबीच नयाँ समझदारी बन्नुपर्ने राप्रपाको धारणा छ । अध्यक्ष लिङ्देनले पछिल्लो विकसित राजनीतिबारे राजनीतिक दलहरुसँग निरन्तर छलफल रहने उल्लेख गर्नुभयो ।रासस

# राष्ट्रियसभाबाट लगानी सहजीकरणसम्बन्धी विधेयक स्वीकृत



काठमाण्डु । राष्ट्रियसभाको मंगलबारको बैठकले 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

प्रस्ताव प्रस्तुत गर्नुहुँदै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मुलुकमा लगानी सहजीकरणका लागि आवश्यक व्यवस्था गरिएको बताउनुभयो। दफावार छलफलमा प्राप्त हुने सुझाव विधेयकमा समिटिने बताउँदै उहाँले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, अध्यादेशमार्फत ल्याउनुपर्ने बाध्यात्मक अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो। मन्त्री भण्डारीले भन्नुभयो, "लगानी सम्मेलनको तयारी गर्नुपर्ने अवस्था भएकाले तत्काल अध्यादेश ल्याउनुपर्ने अवस्था थियो। सरकारी तथा गैरसरकारी निकायसँग पर्याप्त छलफल गरेर त्यसका विविध पक्षहरुमा छलफल गरेर स्वदेशी तथा विदेशी लगानी भित्र्याउनका लागि सरकारले संविधानअनुसार नै अध्यादेश ल्याएको हो।"

उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरू कृष्णबहादुर रोकाया, तुलप्रसाद विश्वकर्मा, देवेन्द्र दाहाल, सोनामगेल्जेन शेर्पा, सुरेशकुमार आलेमगर, तुलसाकुमारी दाहाल, पदमबहादुर परियारलगायतले धारणा व्यक्त गर्नुभएको थियो।

राष्ट्रियसभामा विनियोजन विधेयकमाथि छलफल

राष्ट्रियसभामा विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकमध्ये विभिन्न सात मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल भएको छ।

बैठकमा मंगलबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसंख्या, रक्षा, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी र अर्थ मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल भएको हो ।छलफलमा भाग लिँदै सांसद कमला पन्तले कुनै पनि व्यक्तिलाई रोग लाग्नै नदिनेतर्फ सरकार संवेदनशील हुन नसकेको टिप्पणी गर्नुभयो । साथै उहाँले बीमा कार्यक्रम गाउँगाउँमा पुऱ्याउनुपर्ने, महिला स्वास्थ्य स्वयंसेवकको सम्मान हुनुपर्नेमा जोड दिनुभयो।

सांसद नरबहादुर विष्टले सरकारले ल्याएको बजेटमा मन्त्रीको निर्वाचन क्षेत्रमा बढी रकम विनियोजन हुने गरेको बताउँदै जनतामा खानेपानीको पहुँचमा पुर्याउन आवश्यक योजना बनाउनुपर्नेमा जोड दिनुभयो । सांसद नारायणदत्त मिश्रले सरकारी स्वामित्वको नेपाल वायुसेवा निगमलाई पब्लिक प्राइभेट पार्टनरसिपमा लैजान जरुरी रहको उल्लेख गर्नुभयो ।सांसद तुलसाकुमारी दाहालले जलवायु परिवर्तनका कारण नेपाली जनताले भोग्नुपरेको जोखिम र प्राकृतिक विपद्को सम्बन्धमा अति विकसित राष्ट्रले प्राप्त गर्ने सुविधा र सहयोगको सम्बन्धमा लिनुपर्ने पहलकदमीलाई गम्भीरताका साथ लिनुपर्ने बताउनुभयो।

सांसद राजेन्द्रलक्ष्मी गैरेले स्वास्थ्य स्वंयसेविकालाई उपदान दिने रकम पुरस्कृत गर्ने योजना ल्याउन सरकार समक्ष आग्रह गर्नुभयो । बैठकमा सांसदहरु पूजा चौधरी, श्रीकृष्णप्रसाद अधिकारी, दुर्गाकुमारी गुरुङ, सोनामगेल्जेन शेर्पा, गोपालभट्टराईविष्णुकुमारीसापकोटालगायतले विनियोजन विधेयकमाथिको छलफलमा भाग लिँदै आ-आफ्ना धारणा व्यक्त गर्नुभयो।

बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्नुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही असार १९ गते दिउँसो १:१५ बजे बस्नेछ ।रासस

## डेङ्गु सङ्क्रमणको जोखिम रोक्न उच्च सतर्कता

नेपालगन्ज। भारतसँग सीमा जोडिएको बाँके जिल्लामा डेङ्गु सङ्क्रमणको जोखिम देखिएको भन्दै उच्च सतर्कता अपनाइएको छ।

जिल्ला स्वास्थ्य कार्यालयले जिल्लाका सबै पालिकामा डेङ्गुको सङ्क्रमण देखिएको उल्लेख गर्दै नियन्त्रण गर्न लामखुट्टेका लार्भा र प्युपा नष्ट गर्ने अभियान सुरु गर्न लागेको जनाएको छ ।बाँकेका डेङ्गु रोग सम्पर्कव्यक्ति दुर्गा गौतमले बाँकेमा चालु आर्थिक वर्षको हालसम्म चार सय पाँचजना डेङ्गुका सङ्क्रमित भेटिएको जानकारी दिँदै यसलाई नियन्त्रण गर्न वडास्तरमा पनि कार्यक्रम सुरु गर्न लागेको बताउनुभयो।

जिल्लाका आठ स्थानीय तहमध्ये राप्ती सोनारी गाउँपालिकामा पाँच, कोहलपुर नगरपालिकामा २४, बैजनाथ गाउँपालिकामा नौ, खजुरा गाउँपालिकामा चार, जानकी गाउँपालिकामा पाँच, नेपालगन्ज उपमहानगरपालिकामा ४५ र डुडुवा गाउँपालिकामा छजना डेङ्गुका बिरामी छन् ।"बिरामीको संख्या बढ्दै गएको छ र अस्पताल आउने बिरामीको संख्या पनि बढ्दै गएकाले डेङ्गुको सङ्क्रमण बढदो देखिएको छ," गौतमले भन्नुभयो।

जिल्लामा डेङ्गु सङ्क्रमणको जोखिम बढ्ने समय नजिक आएको र यसको नियन्त्रणमा ध्यान दिन आवश्यक रहेको डेङ्गु रोग सम्पर्कव्यक्ति गौतमले बताउनुभयो। उहाँले रोग नियन्त्रणका लागि सीमामा पनि निगरानी बढाउनु आवश्यक भएको बताउनुभयो। उहाँले डेङ्गुको सङ्क्रमण भएको लामखुट्टेले एक पटकमा करिब चारदेखि पाँच जनासम्मलाई रोग सार्ने क्षमता रहेको जनाउँदै पछिल्लो छ महिनायता मात्रै नेपालगञ्जमा एक हजार दुई सय ६८ जना डेङ्गु रोगबाट सङ्क्रमित भएका बताउनुभयो।

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले डेङ्गु नियन्त्रणका लागि जिल्लाका सबै सार्वजनिक स्थानलगायत प्रत्येक कार्यालयहरूमा सरसफाइ अभियान चलाउन निर्देशन दिनुभएको छ। डेङ्गुको विषाणुद्वारा सङ्क्रमित भएको एडिस एजिप्टाई र एडिस एलबोपिक्ट्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको किटजन्य सरुवा रोग हो ।रासस

# सेबोन अध्यक्ष नियुक्तिका सम्बन्धमा सर्वोच्चको अल्पकालीन अन्तरिम आदेश

काठमाण्डु । सर्वोच्च अदालतले नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्ष नियुक्तिको प्रक्रियाका सम्बन्धमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

सरकारले अध्यक्ष नियुक्तिका सम्बन्धमा हालसम्म सम्पन्न गरेका छनोटसम्बन्धी सम्पूर्ण प्रक्रियाहरु यही असार १४ गते रद्द गर्ने निर्णय गरेको थियो । उक्त निर्णयका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको थियो। न्यायाधीश अब्दुल अजीज मुसलमानको मंगलबारको एकल इजलासले उक्त रिटमाथि सुनुवाई गर्दै सरकारका नाममा कारण देखाउ आदेश जारी गर्दै यही असार २१ गते दुवै पक्षलाई छलफलका लागि समेत बोलाएको अदालतका प्रवक्ता गोविन्द घिमिरेले जानकारी दिनुभयो।



अध्यक्ष नियुक्तिका लागि सर्टलिस्टमा परेका पाँच जनामध्ये तीन जना अन्तर्वार्तामा अनुपस्थित भएको भन्दै अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले उक्त प्रक्रिया नै रद्द गर्ने निर्णय गरेको थियो । सोही नियुक्तिका लागि सर्टलिस्टमा परेका सन्तोषनारायण श्रेष्ठले प्रक्रिया रद्द गर्ने समितिको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो ।सरकारले उक्त प्रक्रिया रद्द गरी पुरानै सदस्यहरु रहने गरी अध्यक्ष नियुक्तिका लागि नयाँ समिति समेत गठन गरिसकेको छ ।रासस

# प्राकृतिक विपत्तिबाट हुने क्षति घटाउन सरकारको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरुले बर्सेनि प्राकृतिक विपत्तिबाट ठूलो जनधनको क्षति हुने गरेको उल्लेख गर्नुहुँदै समयमै पूर्वतयारी गरी क्षति न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सभाको मंगलबारको बैठकको शून्य समयमा उहाँहरुले प्राकृतिक विपत्तिबाट प्रभावितको तत्काल उद्धार गरी राहतको प्रबन्ध गर्न माग गर्नुभयो।



सांसद कमला पन्तले वर्षायाम लागेसँगै प्राकृतिक प्रकोपका घटना बढेको बताउँदै सो सम्बन्धमा सदनमा उठेका विषयमा सरकारले सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सांसद दुर्गा गुरुङले केन्द्र सरकारले कर्णालीलाई आवश्यक बजेट नदिएको जिकिर गर्दै कर्णालीमा यातायातको उचित व्यवस्थामा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद नारायणदत्त मिश्रले कैलालीको भजनी, टीकापुर र जोशीपुर गाउँपालिकामा प्रत्येक वर्ष बाढी आउने गरेको जानकारी गराउँदै समयमै त्यसतर्फ ध्यान दिन सरकारसँग माग गर्नुभयो।

> सांसद कमला पन्तले वर्षायाम लागेसँगै प्राकृतिक प्रकोपका घटना बढेको बताउँदै सो सम्बन्धमा सदनमा उठेका विषयमा सरकारले सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद भुवनबहादुर सुनारले रोल्पामा हालै भएको जीप दुर्घटनाका सम्बन्धमा जानकारी गराउँदै तत्काल सडक सुधार गर्नुपर्ने, ट्राफिक नियमको पालनामा कडाइ गर्नुपर्ने र चालकलाई सचेत गराउनुपर्नेलगायतका सुझाव दिनुभयो ।सांसद सुरेशकुमार आलेले भ्रष्टाचार नियन्त्रणका लागि सबै जागरुक हुनुपर्ने बताउँदै राजनीतिक व्यवस्थामा सुधारको आवश्यकता औँल्याउनुभयो ।रासस

## योगिनी एकादशी व्रतः

# पाप नाश भई पुण्य पाइने विश्वास

काठमाण्डु। आषाढ कृष्णपक्षमा पर्ने योगिनी एकादशीको व्रत बस्नाले पाप नाश गर्ने विश्वास छ । यस दिनमा बिहान स्नान, प्राणायाम, सन्ध्यावन्दन गरी लक्ष्मीनारायण भगवान्को पूजा गर्नाले पुण्प्राप्त हुने जनविश्वास छ।




हरिको दिन भएकाले खानुहुँदैन र यसोगर्दा शरीर स्वस्थ हुने धार्मिक विश्वास छ । कुवेरको सेवक हेममालीले शिव पूजा गर्न कुवेरलाई दैनिक फूल लैजाने गरेकामा एकदिन पत्नीको प्रेममा टाँसिएर फूल लिएर दरबारमा जान बिर्सिएकाले कुवेरले श्राप दिएको उल्लेख छ।

त्यही श्रापले हेममालीका दुर्दिन सुरु भएर रोग, भोकले युक्त भए, वनमा भड्किँदै हिँड्न बाध्य भए। हिमालय पर्वतमा मार्कण्डेय ऋषिबाट योगिनी एकादशीको व्रत गर्ने उपदेश पाए । त्यसको प्रभावले सबै रोग निको भएर गुमेको पद र स्त्रीप्राप्त हुन्छ भन्ने मार्कण्डेयबाट सुनेपछि हेममालीले भगवान् पुण्डरीकाक्ष अर्थात् विष्णुको यथोपचार पूजाअर्चना गरी पञ्चामृत स्नान गराएर चरणामृत आफ्नो र परिवारका सबै सदस्यका अंगमा छर्के र आफूले पिएका थिए।

यस कर्मद्वारा कुष्ठ र चर्म रोगीको पीडा समाप्त हुने र रोगमुक्त हुन्छ भन्ने मानिन्छ । हेममालीले चन्दन, पुष्प, धूप, दीप, नैवेद्य आदि सामग्रीद्वारा पूजा गरेर प्रत्येक एकादशीका दिन विष्णु सहस्रनामको जप एवं भगवान् विष्णुको कथा सुने, परहिंसा त्यागे, कुनै किसिमको कुभलो चिताएनन्, यथासम्भव रातको समयमा जागरण गरे, भजन, कीर्तन एवं श्री हरिको स्मरण गरे।

अन्त्यमा योगिनी एकादशी व्रतको यसरी विधिविधानपूर्वक पालना गरकाले सबै रोगव्याधिको अन्त्य भयो । मनमा आफन्तसित भिन्न भई बस्ने भावना हरायो र विछोड भएका वा छुट्टिएका परिवारजनँग मिलन भयो । त्यो हेममालीले सबै कर्म गरेर आषाढकृष्ण एकादशी योगिनीको व्रत अनुष्ठान गरेकाले रोग निको भएको, गुमेको मान र स्त्री प्राप्त भएको विश्वास गरिन्छ। त्यसैले सत्कर्ममा मन लगाई आँखाले प्रभुको दर्शन, कानले हरिकथा श्रवण, जिब्रोले प्रभुको कीर्तन गाउनु, नाकले प्रसाद सुँघेर लगाउनु, शिर प्रभुको चरणमा निहुराउनु, हातले मन्दिर सफा गरी प्रभुको पूजा र नमस्कार गर्नु, गोडाले तीर्थाटन र प्रभुको कथा भएको ठाउँमा जानु तव मनुष्य जीवन सफल हुन्छ भन्ने गरिएको हो।

योगिनी एकादशीको व्रत बस्नाले ८८ हजारलाई भोजन गराए बराबर फल मिल्ने, यस कथालाई पढे वा सुनेमा पनि फल पाइने विश्वास गरिन्छ। विधिपूर्वक व्रतको पालना गर्नाले सबै पापबाट मुक्त हुने शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटाले बताउनुभयो ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भ्रष्टाचार समाजको नियति बनेकामा सांसदहरू चिन्तित

काठमाण्डु । प्रतिनिधिसभा सदस्यहरूले भ्रष्टाचार नेपाली समाजको नियति बनेकामा चिन्ता व्यक्त गरेका छन् ।

सङ्घीय संसद् सचिवालय मानव संसाधन विकास महाशाखाद्वारा मंगलबार आयोजित 'नेपालमा भ्रष्टाचारसम्बन्धी कानुनी व्यवस्था : समस्या र सुझाव' कार्यक्रमका वक्ताले कानुन कार्यान्वयनको अवस्था, व्यावहारिकता र वर्तमानमा भइरहेका अभ्यासले कोही गम्भीर प्रकृतिका अनियमितततामा पनि उम्किने र कोही सामान्य त्रुटिका कारण जीवनभर अप्ठेरोमा परेका दृष्टान्त सुनाउनुभयो ।केही वक्ताले विद्यालय पाठ्यक्रमबाट नैतिक शिक्षा हटाइएपछि भ्रष्टाचार अझ मौलाएको बताउनुभयो ।



> प्रतिनिधिसभा सदस्य चन्द्रबहादुर विश्वकर्माले भ्रष्टाचार व्यक्तिको आचरणसँग सम्बन्धित भएकाले कानुनभन्दामाथि कोही छैन भन्ने संस्कार स्थापित गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद रञ्जुकुमारी झाले कानुन निर्माणको जिम्मेवारीमा रहेका सांसद सदनमा अनुपस्थित हुनु पनि भ्रष्टाचारकै एउटा रुप भएको तर्क गर्नुभयो ।अर्का सांसद नारायणी शर्माले पहुँच र प्रभावका आधारमा मुद्दाको छिनोफानो हुने आम बुझाइ रहेको बताउनुभयो ।सांसद रणेन्द्र बराइलीले भ्रष्टाचारमा संलग्नमाथि भएका कारबाही र उन्मुक्तिको अवस्था विश्लेषण गर्दा यो वर्गीय, सत्तापक्ष र प्रतिपक्षमा विभाजित देखिएकाले राज्य सञ्चालकलाई प्रशिक्षण आवश्यक रहेको बताउनुभयो ।

अर्का सांसद उर्मिला माझीले भ्रष्टाचार समाजको शत्रु भएकोले त्यसलाई घटाउन कठिन छ भन्नुभयो ।प्रतिनिधिसभा सदस्य चन्द्रबहादुर विश्वकर्माले भ्रष्टाचार व्यक्तिको आचरणसँग सम्बन्धित भएकाले कानुनभन्दामाथि कोही छैन भन्ने संस्कार स्थापित गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद दीपा शर्माले देशमा भ्रष्टाचार मौलाएकामा चिन्ता व्यक्त गर्नुभयो । सांसद किरण साहले राजनीतिक हस्तक्षेप र कानुन कार्यान्वयन गर्ने निकाय कमजोर हुँदा भ्रष्टाचार बढेको बताउनुभयो ।

त्यस अवसरमा नेपाल ल क्याम्पसका सहप्राध्यापक बलरामप्रसाद राउतले दण्ड वा जरिवाना बढाउँदैमा भ्रष्टाचार घट्ने वा बढ्ने नभई भ्रष्टाचार नगर्ने मानसिकताको विकास गर्नेतर्फ समाज जागरुक हुनुपर्नेमा जोड दिनुभयो ।सङ्घीय संसद् सचिवालयका सचिव सुदर्शन खड्काले भ्रष्टाचार नियन्त्रणका लागि कानुनलाई समयानुकूल तुल्याउन जनप्रतिनिधिले कानुन निर्माणका बखत ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

# गिरिजाकै कारण गणतन्त्र स्थापना भएको हो : सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गिरिजाप्रसाद कोइरालाकै कारण देशमा गणतन्त्र स्थापना भएको बताउनुभएको छ ।

गिरिजाप्रसाद कोइरालाको जन्मजयन्तीका अवसरमा कांग्रेस केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागद्वारा मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'क्रान्तिदेखि शान्तिसम्म' फोटो प्रदर्शनीको उद्घाटन गर्दै उहाँले गणतन्त्र स्थापनामा गिरिजाबाबुको योगदान सधै चिरस्मरणीय रहने बताउनुभयो ।



सभापति देउवाले गिरिजाबाबुका कारण देशमा प्रजातन्त्र पुनःस्थापनाका साथै गणतन्त्र प्राप्त उल्लेख गर्नुभयो । "गिरिजाबाबु २००७ को क्रान्तिदेखि देशको राजनीतिमा क्रियाशील, प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा हुनुहुन्थ्यो," उहाँले भन्नुभयो । विद्यार्थी कालमा गिरिजाबाबुकै कारण आफू नेपाल विद्यार्थी सङ्घको सभापति भएको उहाँले बताउनुभयो ।

गणतन्त्रलाई स्थायी रूपमा अगाडि बढाउने प्रमुख जिम्मेवारी कांग्रेसको भएको उहाँले बताउनुभयो। प्रजातन्त्रबाट लडेर देशमा गणतन्त्र ल्याउन सफल भएको व्यक्तिका रुमपा गिरिजाबाबु भएको सभापति देउवाले बताउनुभयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलगायत विभिन्न राजनीतिक दलका नेताले अभिरुचिपूर्वक प्रदर्शनी अवलोकन गर्नुभएको थियो ।रासस

# 'विदेशीने विद्यार्थीलाई नेपालमै रोक्न गुणस्तरीय शिक्षाको व्यवस्था गरिनुपर्छ'



काठमाण्डु । उच्च शिक्षा अध्ययनकालागिविदेशीनुपर्नेअवस्था अन्त्यका लागि नेपालमै गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइनुपर्नेमा सरोकार भएकाहरुले जोड दिएका छन्। स्व गिरिजाप्रसाद कोइरालाको स्मृतिमा विसं २०६९ असार १८ गते स्थापना भएको जिपी कोइराला मेमोरियल कलेजको १३औँ वार्षिकोत्सव समारोहमा सहभागी शिक्षा एवं राजनीतिक क्षेत्रका व्यक्तित्वहरु त्यस्तो जोड दिनुभएको हो । उहाँहरुले नेपाली विद्यार्थीलाई देशमै रोक्न गुणस्तरीय शिक्षा र उपयुक्त शैक्षिक वातावरण निर्माण गर्नतर्फ त्यसतर्फ सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य श्रीराम लामिछानेले गिरिजाप्रसाद कोइराला विश्वविद्यालय स्थापनाको तयारी पनि अन्तिम चरणमा पुगेको जानकारी दिँदै अध्ययनकै लागि विदेशीनुपर्ने अवस्था अन्त्यका लागि आवश्यक विषय यहाँ पढ्न पाउने गरी व्यवस्था गरिने बताउनुभयो। उहाँले सत्ता परिवर्तन जनताका लागि हुनुपर्नेमा जोड दिँदै गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालालगायत नेताले देखाएको बाटोमा हिँड्नुपर्ने आवश्यकता औँल्याउनुभयो । पढ्दै, कमाउँदै, सिक्दै जस्ता कार्यक्रमलाई पनि नेपालमा प्रभावकारी रुपमा सञ्चालन गरिनुपर्नेमा लामिछानेको जोड दिनुभयो।

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा डा केदारप्रसाद रिजालले नेपाली विद्यार्थी स्वदेशमै रोकेर करोडौँ रुपैयाँ नेपालमै उपयोग गरिनुपर्ने बताउनुभयो । कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य बिना पोखरेल पराजुली, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का उपकुलपति भूपेन्द्र बस्नेत, क्याम्पस व्यवस्थापन समितिका उपाध्यक्ष न्हुच्छेनारायण श्रेष्ठ, क्याम्पस प्रमुख शिवप्रसाद अधिकारीलगायतले चाहेको विषय अध्ययन गर्न नपाइ विदेश जान बाध्य हुने विद्यार्थीलाई लक्षित गरी कलेजले विषय व्यवस्थापन गर्न लागेको बताउनुभएको थियो ।

कलेजमा मानविकी, व्यवस्थापन र शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन भइरहेको छ। कलेजमा तीन हजारभन्दा बढी विद्यार्थी अध्ययन गरिरहेको प्राध्यापक राजकुमार ढुङ्गानाले राससलाई जानकारी दिनुभयो ।रासस


आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।






प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)


# एकल महिला सुरक्षा कोषको रकम उपयोग गर्न माग

काठमाण्डु । एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धनका लागि स्थापना गरिएको 'एकल महिला सुरक्षा कोष'को रकम उपयोग गर्न सम्बन्धित महिला अधिकारकमीले माग गर्नुभएको छ। राष्ट्रिय महिला आयोगले मंगलबार एकल महिलाको नीतिगतसम्बन्धी अधिकारका विषयमा गरेको छलफलमा अधिकारकर्मीले उक्त कोषको रकम उपयोग गर्न माग गर्नुभएको हो।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले एकल महिला सवाललाई आयोगको तर्फबाट कायान्र्वयन गर्न सिफारिस गर्ने बताउनुभयो । साथै उहाँले आयोगले चालु आर्थिक वर्षमा सात वटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गरेको जानकारी दिनुभयो । "यही आवाजलाई हामी सरकार समक्ष पुऱ्याउने मात्रै होइन, कार्यान्वयन गराउनसमेत जोड दिने छौँ", उहाँले भन्नुभयो ।

राष्ट्रियमानव अधिकार आयोगका सदस्य लीली थापाले एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षाकोष पाँच वर्षसम्म उपयोग नहुनुले मुलुकका सात प्रतिशत जनसंख्या भएका एकल महिलाले कठिनाइ भोगेको बताउनुभयो । "पाँच वर्षमा चार महिलामन्त्री परिवर्तन हुनुभयो, तर, कोषको उपयोग हुनसकेन", उहाँले भन्नुभयो, "कोषमा छ करोड बजेट फ्रिज भएको छ, एकल महिलाले दुःख पाएका छन् ।" उहाँले महिला मन्त्रालयले कोषको उपयोगमा तुरुन्तै ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कविता पाण्डेले एकल महिलाको अवस्थामाथि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले विश्वभरी एकल महिलाको अवस्था दयनीय रहेको तथ्य देखाउँदै नेपाली एकल महिलाको स्थीति दर्दनाक रहेको बताउनुभयो । "राज्यले एकल महिलाको न्यायका लागि राम्रा कानुन बनायो तर, कार्यान्वयन गराउन सकेन," उहाँले भन्नुभयो, "बनेका कानुन र नीति तुरुन्तै लागू गर्न सरकारलाई दबाब दिन आवश्यक छ ।"रासस

## एकीकृत समाजवादी महाधिवेशन :
# चार प्रतिवेदनमाथि छलफल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को महाधिवेशनमा विभिन्न चार विषयका प्रतिवेदन माथि छलफल प्रारम्भ गरिएको छ। नेपाल प्रज्ञाप्रतिष्ठानको सभाहलमा जारी महाधिवेशनमा प्रतिनिधिहरूको धारणा लिन राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, विधानसम्बन्धी र साङ्गठनिक प्रतिवेदनमा सामूहिक छलफल सुरु गरिएको हो ।

यी प्रतिवेदनमा उल्लिखित पार्टीका नीति तथा कार्यक्रमका आधारमा नयाँ कार्यसमिति निर्वाचित गरिने पोलिटब्यूरो सदस्य सोमप्रसाद पाण्डेले जानकारी दिनुभयो । पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले तयार पार्नुभएको राजनीतिक प्रतिवेदनमा राष्ट्रिय एकता, सामाजिक, सांस्कृतिक पक्ष उल्लेख गरिएका छन् । उक्त प्रतिवेदनमा मुलुकको समसामयिक परिस्थिति, राजनीतिक अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, पार्टीको आगामी कार्ययोजनासमेत प्रस्तुत गरिएको छ।




सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले प्रस्तुत गर्नुभएको समाजवादी कार्यक्रमसम्बन्धी प्रतिवेदनमा समाजवादको स्वरुप, आर्थिक रुपान्तरणका साथै वैज्ञानिक समाजवादका विषय छन् । भूमि व्यवस्थित गरी उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, विकास तथा समृद्धिका आधार तयार गरिएको छ । मुलुकमा सामाजिक न्याय, समानतासहित विकास तथा समृद्धिका लागि समाजवादी व्यवस्था कार्यान्वयनमा जोड दिइएको छ ।

पार्टीका उपाध्यक्ष बेदुराम भुसालको विधान दस्तावेजमा पार्टीमा तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचित हुनुपर्ने, सबै कमिटीलाई लोकतान्त्रिक पद्धतिबाट अनुमोदित गराउने विशेषता छ। युवा सहभागिता वृद्धि गर्ने विषयलाई प्राथमिकता दिएको जनाइएको छ।

यसैगरी महासचिव घनश्याम भुसालले प्रस्तुत गर्नुभएको साङ्गठानिक प्रतिवेदन देशभर पार्टीको सङ्गठनको अवस्था, आगामी योजना तथा कार्यक्रम, सशक्त सङ्गठन निर्माणका विधि, महाधिवेशन केन्द्रित अभियान उल्लेख छन् । सशक्त पार्टी निर्माणका लागि सङ्गठनको महत्त्वपूर्ण भूमिका उल्लेख गरिएको दस्तावेजमा पार्टी निकट सबै सङ्गठन जनहितमा परिचालन गर्नुपर्नेमा जोड दिइएको छ।

पार्टीका नेता राजेन्द्र राई र साध्यबहादुर भण्डारीले पूरक प्रतिवेदन पेस गर्नुभएको छ। यसमा पनि छलफल गरिने छ। महाधिवेशनमा एक हजार आठ सय ४९ प्रतिनिधिसहभागी छन् । छलफल सकिएपछि निर्वाचन प्रक्रिया सुरु हुने जनाइएको छ ।रासस


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०३/१९ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन, नियमावली, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : महाभारत जडिबुटी कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : बस्तिपुर -२, सिन्धुली । हालको ठेगाना : घ्याङलेक गा.पा.-२, सिन्धुली दर्ता नं: ७३०/२०६४/०६५**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : भिम बहादुर स्याङतान (अध्यक्ष जमानीकर्ता)**
बाबु : सेते सिं स्याङतान
बाजे : नौमान स्याङतान
ना प्र नं. : ३०९२/१०७९४
ठेगाना : बस्तिपुर- ६, सिन्धुली

**२) नाम : माया रानी योन्जन (कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : चन्द्र मान घिसिङ
पति : शम्भु बहादुर योन्जन
ना.प्र.नं : २६८०/५२९६
ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली

**३) नाम : वुध्दी मान वि.क. (सचिव जमानीकर्ता)**
बाबु : मंगले कामी
बाजे : सार्कीमान वि.क.
ना.प्र.नं : ९१८/६६२५
ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली

**४) नाम : मरिच मान वाइवा (सदस्य जमानीकर्ता)**
बाबु : डिल बहादुर वाइवा
बाजे : कुलमान वाइवा
ना.प्र.नं : २०८७५/४५२६
ठेगाना : अमले बस्तिपुर -६, सिन्धुली

**५) नाम : सुप्रती लामा (सदस्य जमानीकर्ता)**
बाबु : वर्ज बहादुर लामा
पति : कमल कुमार वाइवा
ना.प्र.नं : २०३०१७/२२६
ठेगाना : मझुवा -८, सिन्धुली

**६) नाम : कर्मीसिं स्याङतान (संचालक जमानीकर्ता)**
बाबु : बिरजीत स्याङतान
बाजे : राजमान स्याङतान
ना.प्र.नं : ९२८/२८२८
ठेगाना : बस्तिपुर-९, सिन्धुली

**७) नाम : मार्था सिजाली (संचालक जमानीकर्ता)**
बाबु : काजीमान सिजाली, बाजे : रण ब.सिजाली
ना.प्र.नं : २०३०२५/२५४, ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री नौ मान स्याङतानको नाति श्री सेते सि स्याङतानको छोरा सिन्धुली जिल्ला बस्तिपुर गा.वि.स. वडा नं. ६ बस्ने श्री भिम बहादुर स्याङतानको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ९ को कित्ता नं.२७३, २६९ र २७८ को क्षेत्रफल क्रमश ०-७-०-१, ४-०-०-० र १-५-३-३ (रोपनी) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop



मधेश प्रदेश सरकार

## उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

## जनहितमा जारी सूचना

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।

३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge" अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।

४. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ ।

५. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ ।


६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ ।

८. स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ ।

९. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ ।

१०. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

### उथलपुथलमा प्रधानमन्त्री प्रचण्ड

संघीय सत्ता गठबन्धन भत्किएको छ । गठबन्धनका प्रमुख घटक नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को साथ छोडेको छ। माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रचण्डलाई १८ महिनामा एमालेले दुई पटक समर्थन गरेको छ। नेपाली कांग्रेससितको गठबन्धनबाट प्रतिनिधि सभामा ३२ स्थान जितेको माओवादीले एमालेसित मिलेर सरकारको नेतृत्व गरे । तर त्यो गठबन्धन केही महिनामै भत्काएर प्रचण्ड कांग्रेसको सहयोगमा प्रधानमन्त्री निरन्तर रहे । तर केही महिनापछि प्रचण्डले कांग्रेसलाई छाडेर एमालेसित गठबन्धन गरे । गठबन्धन फेरिए पनि प्रधानमन्त्री प्रचण्ड नै निरन्तर रहे । उनले डेढ वर्षमै तीन पटक गठबन्धन भत्काउँदै बनाउँदै गर्दा सत्ताको चतुर खेलाडी रहेको सार्वजनिक रुपमा नै अहंकार देखाउन थाले। संसदमा रहेको ३२ स्थानलाइ जादूयी संख्या बताएर आफू नै पूर्णकाल प्रधानमन्त्री रहने सार्वजनिक रुपमा नै दाबी गरिरहेका थिए। उनले प्रधानमन्त्री हरेक नेताको आकांक्षा हो भन्ने बुझ्न चाहेनन् । जादूयी संख्याको अहंकार र उथलपुथल गर्ने अहंकारले सत्ताबाट नराम्ररी ढंगले हटाइदिएको छ। धोका दिनुलाई उनले आफ्नो चतुऱ्याई ठाने। कहिले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई फाल्ने त कहिले कांग्रेस सभापति शेरबहादुर देउवालाई फाल्ने उनको चतुरपनले अन्ततः उनलाई नै डुबाएको छ । राजनीतिमा विश्वास पनि बहुत महत्वपूर्ण विषय हो । विश्वसनीयता गुमाएका नेतालाई राजनीतिमा टिकिरहन धेरै कठिन हुन्छ । प्रचण्डले आफ्नो स्वार्थमा यतिबिघ्न लिप्त भएकी सहयोगीसित भएको प्रतिबद्धतालाई पूरा गर्नुपर्छ समेत बिर्सिए । एमालेलाई फालेर कांग्रेससित मिल्दा प्रचण्ड प्रधानमन्त्री रहनु बाहेक खासै उपलब्धि लिन सकेनन्। फेरि एमालेसित गठबन्धन गर्दा उनले आफ्नो कुर्सी जोगाउँदै भाईलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउन सफल भए । प्रचण्डले माओवादी पार्टीलाई नै आफ्नो र आफ्ना परिवार वरिपरि केन्द्रित गरेका छन् । त्यसबाट माओवादी केन्द्रकै नेतृत्व तहमा चरम असन्तुष्टि देखिएको छ। उनी प्रधानमन्त्री रहीरहन पार्टीलाई बलि नै चढाएको आरोप आफ्नै दलका नेताहरुले लगाए पनि बेवास्ता गरेका छन्। प्रधानमन्त्री प्रचण्डको काँचो खेलले देशका दुई ठूला दललाई एउटै स्थानमा गोलवद्ध गराइदिएको छ । केपी ओलीले अब सरकारको नेतृत्व गर्ने छन् । उनीसित दुई तिहाई बहुमत हुनेछ। संविधानलाई संशोधन गरी सरकारले राष्ट्रिय सभाको चुनाव प्रणाली, संख्या र अध्यक्षता सम्बन्धी व्यवस्था फेर्ने, प्रतिनिधि र प्रदेश सभामा रहेको समानुपातिक चुनावी प्रणाली हटाएर प्रत्यक्ष रुपमा चुनाव गर्ने, पालिकाको संख्या घटाइने र वडा थपिने, प्रदेश सभाको संख्या पनि घटाइनेमा सहमति जुटेको बताइन्छ। यसले पछि देशमा अर्को उथलपुथल ल्याउन सक्छ। तर अहिले प्रचण्ड आफैले गरेको उथलपुथलको शिकार भएका छन् ।

# गिरिजाप्रसाद युगान्तकारी परिवर्तनका नायक



डा केदारनरसिंह केसी

नेपालको लोकतान्त्रिक आन्दोलनका साहसी तथा कर्मयोगी नेता गिरिजाप्रसाद कोइरालाको राजनीतिक जीवन धेरै सन्दर्भ र घटनाले भरिएका छन् । वास्तवमा साहस र अठोटको पर्याय नै उहाँको राजनीतिक जीवन बनेको छ । नेता त्यो हो, जसले बाटो पहिल्याउँछ, पहिल्याएको बाटोमा आफैँ हिँड्छ, आफू हिँडेको बाटोमा अरूलाई पनि हिडाउँछ । गिरिजाबाबुले पनि त्यसै गर्नुभयो । गिरिजाबाबुको जीवनमा सङ्घर्षबाट पाएको चेतना र ज्ञान नै उहाँलाई अगाडिको बाटो देखाउने प्रकाशका रूपमा आएको प्रस्टै छ । निर्णय गर्न नडराउने उहाँको साहसपूर्ण स्वभाव सबैका निम्ति प्रेरणादायी बनेको छ।

राणाशासनको क्रूर अवस्थामा २१ वर्षे उमेरका गिरिजाबाबुबाट विराटनगरको ऐतिहासिक मजदुर हडतालको सफलतापूर्ण नेतृत्व गर्नु त्यो उमेरको कुनै पनि मानिसका लागि लरतरो काम थिएन । उहाँको नेतृत्वमा २००३ साल फागुन २१ गते एकतन्त्रीय राणा शासनको विरोधमा विराटनगर जुट मिलको आन्दोलन भएको थियो । नेपालको जनसङ्घर्षको इतिहासमा जनताले गरेको यो नै पहिलो ऐतिहासिक आन्दोलन पनि थियो। नेपालको इतिहासमा सबैभन्दा धेरै मानिस सहभागी भएको पहिलो र सबैभन्दा ठूलो मजदुर हडताल यही नै थियो । गिरिजाबाबुलाई सक्रिय र सङ्घर्षशील राजनीतिमा प्रवेश गराएको पनि त्यही आन्दोलनले हो। त्यसको सफलता वा विजयले उहाँमा राजनीतिमा लाग्ने हौसला मिलेको देखिन्छ।

गिरिजाबाबुले राजनीतिमा युगान्तकारी घटना गराउनुभएको छ । लोकतान्त्रिक आन्दोलनलाई गति दिने कार्यमा उहाँको अधिकांश उमेर बित्यो । उहाँ देशमा प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालको पहिलो प्रधानमन्त्री हुनुभयो, २०१५ सालको आमनिर्वाचनको पनि गणना गर्दा बहुदलीय प्रजातन्त्रमा बिपीपछि दोस्रो निर्वाचित प्रधानमन्त्री बन्ने अवसर पनि उहाँलाई मिल्यो। २०४८ सालदेखि २०५१ सम्मको गिरिजाबाबुको प्रधानमन्त्रीत्वको कार्यकाल अत्यन्त सन्तोषजनक, सन्तुलन र मर्यादित रूपले अगाडि बढेकै हो । विकासका पूर्वाधारको सुरुआत पनि यही कार्यकालमा भएको हो । यस अवधिमा स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युतीकरण, यातायातका क्षेत्रमा मुलुकले ठूलो फड्को मारेको विदितै छ।

उहाँले राजनीतिलाई व्यक्तिगत स्वार्थका लागि कहिल्यै लिनुभएन । साँच्चै भनौं भने बिपी रहुन्जेल उहाँ लोकतान्त्रिक सङ्घर्षमा होमिनुबाहेक अरू कुनै जिम्मेवारीमा हुनुहुन्थेन। २०२५ सालदेखि २०३३ सालसम्म नेपाली कांग्रेसले आयोजना गरेको 'सशस्त्र कारबाही' हाँक्ने मुख्य 'कमान्डर' उहाँ नै हुनुहुन्थ्यो । उहाँमा धैर्यपूर्वक निर्णय गर्ने, आफ्नो निष्ठामा नझुक्ने, साहसी र इच्छाशक्ति भएको ऊर्जाशील गुण र विशेषता थियो। उहाँमा रहेका यस्ता असल गुण र विशेषतालाई अनुसरण गर्नसक्नु नै उहाँप्रतिका वास्तविक श्रद्धाञ्जलि हुनेछ।

जीवनको सात दशकभन्दा लामो समय लोकतान्त्रिक आन्दोलनमा निरन्तर रूपले बिताउनु साधारण कुरा होइन। जेल, निर्वासन र अनेक सङ्कटहरु ब्यहोर्दै देश र जनताका लागि आफूलाई समर्पण गरेर अनवरत उहाँ हिँडीरहनुभयो । पटकपटक गरेर उहाँ १२ वर्षभन्दा बढी समय जेलमा बिताउनुभयो। राणा र शाह दुवै निरङ्कुशतालाई चुनौती दिँदै कहिल्यै झुक्नु भएन, बरु उहाँको साहस, स्वाभिमान र अडानका अगाडि कुनै पनि अतिवाद वा निरङ्कुशता झुक्न बाध्य भए । प्रजातन्त्रका सन्दर्भमा कसैसँग पनि सम्झौता नगर्ने र प्रतिनिधिसभाको पुनर्बहालीले मात्र राजनीतिक निकास दिनसक्छ भन्ने गिरिजाबाबुको अडानलाई २०६१ साल माघ १९ को राजा ज्ञानेन्द्रको कदमले पनि रोक्न सकेन। २०५९ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी आफू अनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको आस्था घटेको थियो । त्यसपछि भएका आन्दोलनको नेतृत्व पनि गिरिजाप्रसाद कोइरालाले नै गर्नुभएको थियो। २०६१ साल माघ १९ मा दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफैँ मन्त्रिपरिषद् अध्यक्ष बनेपछि कोइरालाले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याएर पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गर्नुभएको थियो। आखिर २०६३ साल वैशाख ११ गते बाध्य भएर राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्रअनुरूप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत भएका थिए।

पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ मा राजाका सबै अधिकार कटौती गर्दै आलङ्कारिक राजाका रुपमा ज्ञानेन्द्र शाहलाई सीमित गरेको थियो । उहाँकै नेतृत्वमा २०६५ साल जेठ १५ मा नेपालबाट दुई सय ४० वर्ष इतिहास भएको शाहवंशीय राजसंस्था अन्त्य भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भएको थियो। यसरी दुई सय ४० वर्षदेखिको राजतन्त्रको अन्त्य गर्दै सक्रिय राजतन्त्रको असफल अभ्यासमा लागेका राजा ज्ञानेन्द्रलाई नारायणहिटीबाट बाहिर निकाल्ने कामको नेतृत्व उहाँले नै गर्नुभएको थियो। अन्त्यन्त आँटिला, आफूलाई लागेको कुरा निर्णय गराउन सक्ने, कम बोल्ने तर बोलेको कुरामा अडिग रहने उहाँको स्वभावले नै मुलुकलाई राजनीतिक रुपान्तरण गराउन सम्भव भयो । जीवनको अन्तिम क्षणसम्म राष्ट्रका लागि क्रियाशील रहने उहाँ समकालीन नेपाली राजनीतिका शिखर पुरुष हुनुहुन्छ।

> **राणाशासनको क्रूर अवस्थामा २१ वर्षे उमेरका गिरिजाबाबुबाट विराटनगरको ऐतिहासिक मजदुर हडतालको सफलतापूर्ण नेतृत्व गर्नु त्यो उमेरको कुनै पनि मानिसका लागि लरतरो काम थिएन । उहाँको नेतृत्वमा २००३ साल फागुन २१ गते एकतन्त्रीय राणा शासनको विरोधमा विराटनगर जुट मिलको आन्दोलन भएको थियो ।**

उहाँको अर्को महत्वपूर्ण पक्ष भनेको सामान्य कार्यकर्ताको भावना र पीरमर्का बुझ्नसक्ने एक कुशल नेतृत्वका रुपमा देखाउनु भएको गुण र क्षमता पनि हो । उहाँ तल्लो तहको पार्टी कार्यकर्तासित समेत सोझै भावनात्मक सम्बन्ध राख्नसक्ने हुँदा आम कार्यकर्ताबीच अत्यन्त लोकप्रिय नेता हुनुहुन्थ्यो । उहाँले आफ्नो लामो राजनीतिक जीवनमा व्यतित गर्नुभएको विभिन्न आरोहअवरोहहरु उहाँका सफलता र असफलता नेपाली राजनीतिका अभिन्न अङ्ग हुन् ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा युद्धरत माओवादीलाई शान्ति प्रक्रिया र लोकतान्त्रिक धारमा ल्याउने ऐतिहासिक कार्य उहाँकै नेतृत्वमा सम्पन्न भयो । १० वर्षे सशस्त्र युद्धमा रहेका माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भएको १२ बुँदे सम्झौता र दोस्रो जनआन्दोलनको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले आफू हारेर भए पनि द्वन्द्वले आक्रान्त मुलुकमा शान्ति स्थापनाका लागि साहसिक कदम उठाएको इतिहास कसैबाट लुक्न सक्दैन । नेता कोइरालाकै नेतृत्वमा माओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो। सहमति, सहकार्य र एकताका सूत्रधार कोइरालाको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने निर्णय नै विश्वकै एक ऐतिहासिक सफलता हो।

छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको सपना पूरा भएको थियो। चारपटक मुलुकको प्रधानमन्त्री बनेका नेता कोइरालाले अन्तिम कार्यकालमा भने कार्यवाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएको थियो । संवाद, सहमति र सहकार्यको माध्यमबाट राजनीतिक स्थायित्व कायम गरी राष्ट्रिय एकता, लोकतन्त्र र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ भन्ने उहाँको मान्यता अहिले पनि सबैको मार्गदर्शक बनेको छ । उहाँले आफ्नो जीवनकालभरि कालो झन्डा र विरोधको सामना गर्नु परे पनि मृत्युपर्यन्त उहाँले जति प्रशंसा र सम्मान प्राप्त गर्ने अवसर सायदै अरू व्यक्तिलाई प्राप्त भयो होला । आफूले हारे पनि मुलुकले जित्नुपर्छ भन्ने दर्शनबाट प्रेरित उहाँ आफ्नो विरोध गर्ने र कालो झन्डा देखाउने प्रवृत्तिलाई आफैँले लडेर प्राप्त गरेको प्रजातन्त्रको उपलब्धिका रूपमा लिनुहुन्थ्यो । राजतन्त्रविरुद्ध दलहरुले संयुक्त रूपमा लडेर संविधानसभाबाट संविधान बनाउने कार्य कोइरालाको योगदानबाट सम्भव भएको थियो।

अहिले मुलुक संविधान कार्यान्वयनसँगै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढिरहेको छ। यतिबेला सम्पूर्ण राजनीतिक शक्तिहरुलाई एक सूत्रमा बाँध्ने गिरिजाबाबुजस्ता शीर्ष व्यक्तिको अभाव खड्किएको अनुभूति भइरहेको छ। सम्पूर्ण राजनीतिक शक्ति एकजुट हुन सके मात्र लोकतन्त्र सफल हुन सक्छ । उहाँको निधनसँगै नेपाली लोकतान्त्रिक आन्दोलनको पहिलो पुस्ताको अन्त्य भएको छ र मुलुकलाई शान्ति र समृद्धिको उचाइमा पुऱ्याउने जिम्मेवारी दोस्रो पुस्ताको काँधमा आएको छ। (वरिष्ठ चिकित्सक एवं प्रजातान्त्रिक विचार समाजका पूर्वअध्यक्ष डा केसीसँग गरिएको कुराकानीमा आधारित)रासस

# 'यार्सागुम्बा' अर्थात् महङ्गो जैविक कीराको खोजी

हिमाली तथा उच्च पहाडी क्षेत्रमा विश्वकै बहुमूल्य औषधिजन्य बहुगुणयुक्त यार्सागुम्बा प्राकृतिक जडीबुटी हो । यार्सागुम्बा विश्वमा आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो स्थानमा रहेको छ। यार्सागुम्बामा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिबर्द्धक, क्यान्सर, रक्तअल्पता, क्षयरोग, फोक्सोको सङ्क्रमण, मिर्गौला, कलेजोसम्बन्धी, मुटु आदि रोगको औषधि बनाउन प्रयोग हुने बताइन्छ।

यार्सागुम्बाको माग विश्वका अधिकांश देशबाट हुने गरे पनि मुख्य बजार भने चीन हो। राष्ट्रिय तथा अन्तर ाष्ट्रिय बजारमा एक केजी यार्सागुम्बा लाखौं मूल्यमा बिक्री हुने गर्दछ। अधिक मागका कारण केही वर्षयता यसको सङ्कलन एवं बिक्री वितरण कार्यमा उच्च पहाडी तथा हिमाली भेगका बासिन्दाहरू निकै आकर्षित भएका छन्।

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका सहसूचना अधिकारी डा भागवत आचार्यका अनुसार नेपालमा वार्षिक न्यूनतम् तीन हजार केजी यार्सागुम्बा सङ्कलन हुने गर्दछन्। विश्व बजारमा वार्षिक ८३ देखि एक सय ८३ मेट्रिक टन यार्सागुम्बा आपूर्ति हुने गरेकामा चीनबाट मात्र करिब ९५ प्रतिशतभन्दा बढी आपूर्ति हुने गर्दछ।

### ठूलो कारोवारको क्षेत्र बन्दै

नेपालमा २५ जिल्लामा यार्सा सङ्कलन भए पनि यसको व्यावसायिक सङ्कलन बढी डोल्पा, दार्चुला, अछाम, मनाङ, रुकुम, बझाङ, हुम्लालगायत १२ जिल्लाबाट हुने गरेको पाइन्छ । विश्वमा यार्सागुम्बाको प्रजाति पाँच सयभन्दा बढी छन् भने हालसम्म यार्सागुम्बाको ११ प्रजातिका पहिचान गरिएको आचार्यको भनाइ छ । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७०/७१ का प्रतिवेदनअनुसार नेपालमा करिब रु. चार अर्ब ९२ करोडको यार्सागुम्बा सङ्कलन गरिएको थियो।

यर्सागुम्बाको खुल्ला बजारमा न्यूनतम् एक केजीको मूल्य ३० लाखदेखि अधिकतम् रु ८० लाखसम्म पर्छ भने प्रतिगोटा दुई हजारदेखि पाँच हजारसम्ममा बिक्री वितरण गरिएको पाइएको छ। नेपालबाट वार्षिक पाँच हजार केजी यार्सागुम्बा निकासी हुने अनुमान गरिएको आचार्यले जानकारी दिनुभयो।

खासगरी यार्सागुम्बा सङ्कलन गर्नका लागि संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन कार्यालयबाट अनुमति लिनुपर्छ। दार्चुलाको अपिनम्पा संरक्षण क्षेत्र कार्यालयका प्रमुख (वार्डेन) विनयकुमार झाले स्वीकृत व्यवस्थापन कार्ययोजनामा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षमा जम्मा आठ सय ५० केजीको राजस्व लिई जिल्ला बाहिर निकासा दिने छोडपूर्जी कार्यालयले दिने गरेको जानकारी दिनुभयो। उहाँका अनुसार, "यार्सागुम्बा प्रतिकेजी ३१ हजार राजस्व दाखिला गरी जिल्ला बाहिर यार्सागुम्बा निकासी हुने गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ देखि हालसम्म जम्मा राजस्व सङ्कलन रकम रु एक करोड ८० लाख ८६ हजार आठ सय पाँच भएको छ भने गतवर्ष आवमा राजस्व रकम रु एक करोड ५२ लाख १६ सय २५ सङ्कलन भएको थियो। गत वर्षभन्दा यसवर्ष आम्दानी बढेको झाले बताउनुभयो।

चालु आवको जेठसम्म संरक्षण क्षेत्रभित्रका यार्सा सङ्कलन गर्न जाने सात सय पाँच रहेका छन् । संरक्षण क्षेत्रभित्रको लागि कार्ड लिएवापत रु पाँच सय शुल्क तिर्नुपर्ने, जिल्लाभित्रका लागि दुई हजार र जिल्ला बाहिरका लागि रु तीन हजार शुल्क तिर्नुपर्ने व्यवस्था छ।

वन निर्देशनालय सुदूरपश्चिमका निर्देशक हेमराज बिष्टले दार्चुला जिल्लाको तीन देशीय नाका क्षेत्रमा यार्सागुम्बा सङ्कलनका समयमा अन्तर्राष्ट्रिय देशबाट हजार ौंको सत्र्यामा व्यापारी तथा यार्सा सङ्कलनकर्ताहरू आउने गरेको जानकारी दिनुभयो। "यार्सागुम्बा टिप्न जानुभन्दा पहिला सबैले कुलदेवता तथा प्राकृतिकलाई पूजा गरेर मात्र जानुपर्ने चलन छ । यस क्षेत्रमा मन्दिरहरू हुन्छन् तर मन्दिरभित्र मूर्ति हुँदैन। त्यस्तै महिलाहरू महिनावारी हुँदा यार्सा टिप्दैनन् । त्यसबेला उनीहरुले औषधि सेवन गरेर मात्र टिप्ने गर्दछन्। महिनावारी भएको बेलामा यार्सा टिपेमा देउता रिसाउँछन् भने जनविश्वास रहेको महाकाली नगरपालिका छाप्रीमा बस्ने यार्सागुम्बा व्यापारी सन्तोष कुम्मरले भन्नुभयो।

यार्सागुम्बा सङ्कलनको बेला हिमाल तथा उच्च पहाडी क्षेत्रमा गाउँ नै रित्तिने गरी मानिसहरु पाटनतिर लागेका हुन्छन्। ससाना बालबालिका पनि आमाबाबुसँगै लगिएका हुन्छन् । बालबालिकाको आँखा तेजिलो हुने हुँदा छिटो यार्सागुम्बा चिन्न र टिप्न सक्छन् भनेर यार्सा सङ्कलनमा उनीहरुलाई लैजाने गरिन्छ । घरमा बुढाबुढी र गाईवस्तु मात्रै हुन्छन् । यतिबेला वन्यजन्तु चोरी शिकारीका घटना पनि बढ्न थालेका छन्।

यार्सा टिप्ने ठाउँमा प्रत्येक वर्ष आआफ्नो क्षेत्र स्थान छुट्याएको हुन्छ । कसैले पनि अर्काको स्थानमा पस्न पाउँदैन। आफ्नो पुरानै स्थानमा गएर पाल राखेर समूहमा बस्ने गर्छन्। यार्सागुम्बा भएको ठाउँमा बोटबिरुवा हुँदैन। बादल लाग्ने बित्तिकै हिउँ पर्न थाल्छ कतिपय ठाउँमा हिउँ पन्छ्याउँदै यार्सा बसेर कुट्टोले खनेर टिप्नु पर्ने हुँदा कतिपयलाई लेक लाग्ने वा अन्य बिरामी पर्ने सम्भावना पनि रहन्छ । उनीहरु लेकबाट जोगिनका लागि घरेलु औषधिको रुपमा टिमुर, डोली, मह, प्याज, गुड, लसुन लिएर जाने गर्दछन्।

यार्सागुम्बाको बढ्दो सङ्कलन तथा कारोबारसँगै उच्च पहाडी तथा हिमाली भेगमा शिक्षा, स्वास्थ्य तथा शान्ति सुरक्षा, सामाजिक विकृतिमा प्रतिकूल प्रभाव पनि पर्ने गरेको छ। कतिपय ठाउँमा विद्यालयका विद्यार्थीहरू शिक्षक कर्मचार ीसमेत उल्लेख्य सत्र्यामा यार्साको सङ्कलनमा जाने गर्दा जेठदेखि असोजसम्म विद्यालय नै बन्द हुने गरेको पाइन्छ।



### यार्साको जीवनचक्र

समुद्री सतहबाट तीन हजार पाँच सय मिटरदेखि पाँच हजार पाँच सय मिटरसम्मको उचाईमा यार्सागुम्बा पाइन्छ। यो एक प्रकारको च्याउ तथा लार्भा अवस्थाको पुतलीको संयुक्त रूप हो। हिमाली भेगमा हिउँ सकिएपछि वैशाखतिर हिउँ पग्लन्छ र बिरुवाहरू उम्रिएर फूल फुल्न थाल्छन् । त्यहीँ समयमा पुतलीहरूले फूल पार्ने गर्दछन् । पुतलीको लार्भा अवस्थामा सङ्क्रमण हुँदै पूरै शरीर नै तन्तुले भरिन्छ। बसन्त ऋतुसम्ममा यो आँख्लैआख्ला भएको लामो डाँटमा परिणत हुन्छ।

यो जमिनमुनिबाट लार्भाको टाउको भएर बाहिर अङ्कुरित हुन्छ। जमिनमुनिको भाग सुनौलो रङको दुईदेखि चार मिलिमिटर मोटो र तीनदेखि पाँच सेन्टिमिटर जति लामो हुन्छ भने माथिको भाग चारदेखि सात सेन्टिमिटर जति खैरो रङको लामो हुन्छ । तौल ०.८ देखि ०.११ मिलिग्राम सम्मको हुन्छ।

यसलाई तिब्बती भाषामा यार्चाकुन्बु भनिन्छ। 'यार' भनेको वर्षा, 'चा' भनेको झार, 'कुन' भनेको हिउँद र 'बु' भनेको किरा हो । यार्चाकुन्बुबाट नै यर्सागुम्बा नाम रहन गएको हो भनिन्छ । यसलाई नेपालमा यर्सागुम्बा, यार्चागुम्बा, किराघाँस, जीवनबुटी, भियाग्रा, सञ्जीवनी, किराझार आदि नामले चिनिन्छ।

### यार्साको बहुउपयोगिता

यर्सागुम्बा एक प्रकारको बहुपोषक भिटामिनयुक्त जडीबुटी हो । यसलाई शक्तिवर्धक र रगत बढाउने औषधिको रूपमा पनि लिइन्छ । लामो समयको बिरामीलाई तागत दिने रक्तअल्पता एवं उमेर बढ्दै गएपछि हुने समस्याको उपचारमा समेत यो प्रयोग गरिन्छ। यसमा एन्टीबायोटिक गुण पनि रहेको हुनाले छाती तथा फोक्सोको सङ्क्रमण, क्षयरोग, खोकी, रक्तचाप, कोलेस्टेरोल, यौन शक्ति बढाउने, क्यान्सर, मृगौला, कलेजो, हेपाइटिस बी, जस्ता रोगमा पनि औषधिको रुपमा सेवन गरिन्छ । यार्सागुम्बाको केही भाग धुलो बनाएर मनतातो दूध वा पानीमा मह मिसाएर रातिमा खाएमा शरिरमा रोग प्रतिरोधात्मक शक्ति पनि बढ्ने विश्वास गरिएको व्यास गाउँपालिकाका स्थानीयवासी प्रेम रोकायाले बताउनुभयो।

विश्व जलवायु परिवर्तनले गर्दा यार्सागुम्बाको फङ्गस उम्रनमा धेरै नै असर परेको छ। यो उम्रनको लागि बाक्लो हिउँ चाहिन्छ तर विश्व जलवायु परिवर्तनका कारण तापमान बढ्दै जाँदा हिउँ पर्ने क्रममा आएको फेरबदलले यो प्रजातिमा पनि सङ्कट परेको छ । जथाभावी यार्सा सङ्कलन गर्ने, यार्सा टिप्न जाँदा प्लाष्टिक तथा सिसाजन्य वस्तु जथाभावी फाल्ने गर्दा पनि यष्सको उत्पादनमा क्रमशः हस आइरहेको छ।

हिमाली तथा पहाडी भेगको बासिन्दाहरू बहुमूल्य जडीबुटी यार्सागुम्बाको सङ्कलन गरी बिक्री वितरण गर्दा जनताको आर्थिक स्थिति, पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाहरू लगायतआयआर्जन तथा रोजगारका अवसरमा वृद्धि भएको पाइन्छ । हिमाली क्षेत्रका अधिकांश परिवारको वर्षभरिको जीविकोपार्जनका लागि यार्सागुम्बालगायत बहुमूल्य जडीबुटी नै मुख्य आम्दानीको स्रोत रहेको छ।रासस

# सोमबारदेखि लागातार परेको वर्षाले मधेशको राजधानी जनकपुरधाम जलमग्न

तस्बिर : संजय कुमार यादव




















# श्रीलङ्काले द्विपक्षीय ऋण सम्झौताबाट पाँच अर्ब डलर बचाउने

एएफपी

कोलम्बो। श्रीलङ्काले आफ्नो द्विपक्षीय ऋणको पुनःर्गठन पछि पाँच अर्ब डलर बचत गर्ने राष्ट्रपति रनिल विक्रमसिङ्घेले बताउने भएको छ। उहाँका अनुसार ऋण मध्ये धेरै चीनलाई तिर्न बाँकी छ, जुन ब्याज दर घटाएर र लामो पुनः भुक्तानी तालिकाको माध्यमबाट तिर्ने छ। टापु राष्ट्र श्रीलङ्काले सन् २०२२ मा अभूतपूर्व आर्थिक सङकटको समयमा आफ्नो विदेशी ऋण पुर्व निर्धारित गर्यो जसले महिनौ खाना, ईन्धन र औषधिको अभाव निम्त्यायो।



राष्ट्रपति रनिल विक्रमसिङ्घेले गत हप्ता भएको सम्झौताले ऋण भुक्तानीमा सन् २०२८ सम्म स्थगन सुरक्षित गरेको, ऋणको अवधि आठ वर्ष विस्तार गरी ब्याज दर औसत २।१ प्रतिशतमा कटौती गरेको बताउनु भयो। राष्ट्रपति विक्रमसिङ्घेले सरकारको सबैभन्दा ठुलो एकल ऋणदाता चिनको नेतृत्वमा द्विपक्षीय ऋणदाता आफ्नो ऋण काट्न सहमत नभएको तर सहमत भएका सर्तहरूले श्रीलङ्कालाई मद्दत गर्ने बताउनु भयो।

सहमती भएका पुनर्संरचना उपायहरूले गर्दा श्रीलङ्काले पाँच अर्ब डलर बचत गर्ने, ऋण सम्झौता व्यवस्थापिकामा आफ्नो पहिलो सम्बोधनमा विक्रमसिङ्घेले संसदलाई भन्नु भयो। उहाँका अनुसार चीनबाट श्रीलङ्काले लिएको केही ऋण उच्च ब्याज दरमा रहेको छ, दोस्रो ठूलो ऋणदाता जापानबाट लिएको ऋणको तुलनामा लगभग आठ प्रतिशतले बढेको छ, जुन एक प्रतिशत भन्दा कम छ।श्रीलङ्काले चीन र जापान, फ्रान्स र भारत लगायत बाँकी द्विपक्षीय ऋणदाताहरूसँग छुट्टै सम्झौता गर्यो।

मार्च देखि ट्रेजरी डाटाका अनुसार श्रीलङ्काकको ३७ अर्ब डलरको विदेशी ऋणको २८।५ प्रतिशत द्विपक्षीय ऋणदाताहरूको रहेको छ। यसले सरकारी ग्यारेन्टी गरिएको बाह्य ऋणहरू समावेश गर्दैन।श्रीलङ्काले अन्य देशबाट लिएको १०.५८ अर्ब डलर ऋणमा चीनको हिस्सा ४.६६ अर्ब डलर रहेको छ।विक्रमसिङ्घेले चीन विकास बैंकबाट २.१८ अर्ब डलरसहित थप १४.७ अर्ब डलरको बाह्य व्यापारिक ऋणको पुनर्गठन चाँडै सम्पन्न हुने अपेक्षा गर्नु भर्को छ।

श्रीलङ्काको सन् २०२२ को सङ्कटले महिनौंको सार्वजनिक विरोधलाई जन्मायो जसले अन्ततः तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षलाई क्रोधित भिडले उहाँको परिसरमा आक्रमण गरेपछि राजीनामा दिन बाध्य तुल्यायो।विक्रमसिङ्ह्देले पदभार ग्रहण गर्दा देश आर्थिक मन्दीले ग्रसित भएको र गत वर्ष आफूले प्राप्त गरेको २।९ अर्ब डलरको अन्तर्राष्ट्रिय मुद्रा कोषको बेलआउट टापुको अन्तिम हुने आशा गरेको बताउनु भयो।

## हवाई अड्डामा आक्रमण गरी पाँच युक्रेनी जेट विमान नष्ट गरेको रुसको दावी

एएफपी

मास्को। लामो समयदेखि प्रतीक्षा गरिएको एफ- १६ लडाकु विमानको आगमनका लागि किभ तयारी गरिरहेको समयमा हवाई अड्डामा गरिएको आक्रमणमा पाँच युक्रेनी सैन्य जेटहरू नष्ट गरेको रुसले मङ्गलबार दावी गरेको छ।

रुसको रक्षा मन्त्रालयले रुसको सीमाबाट करिब १५० किलोमिटर टाढा रहेको मध्य युक्रेनी सहर मिरगोरोड नजिकैको हवाई अड्डामा इस्कान्डर-एम क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ।रुसी सेनाको आक्रमणको परिणामस्वरूप, पाँच परिचालन एसयू-२७ बहुउद्देश्यीय लडाकुहरू नष्ट हुनुका साथै मर्मत अन्तर्गत रहेका दुई क्षतिग्रस्त भएको टेलिग्राममा सार्वजनिक विज्ञप्तिमा उल्लेख छ।

मन्त्रालयले सार्वजनिक गरेको आक्रमणको फुटेजमा एयरफिल्डमा खैरो धुवाँ उडिरहेको देखाइएको थियो, जहाँ केही पार्क गरिएका विमानहरू देखिएका थिए, माटो जलेको कालो भएको थियो। यसअघि रुसी र युक्रेनी सैन्य ब्लगरहरूले सोमबार आक्रमणको खबर दिएका थिए।युक्रेनको वायुसेनाले भने टिप्पणी गर्न अस्वीकार गरेको छ।केही क्रोधित कमान्डरहरूले पर्याप्त सुरक्षा बिना खुला ठाउँमा विमानहरू पार्क गरेकोमा युक्रेनी सैन्य संवाददाताहरूले किभले हिटमा उपकरणहरू गुमाएको थियो।रासस

# क्रिकेटर लामिछानेलाई सम्मान




चितवन। राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई भरतपुर महानगरपालिकाले सम्मान गरेको छ।

मंगलबार यहाँ एक कार्यक्रमको आयोजना गरी उहाँलाई नगद रु एक लाखसहित सम्मान गरिएको हो। उहाँलाई महानगरपालिका प्रमुख रेनु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीले संयुक्त रुपमा सम्मान गर्नुभएको हो।

त्यस अवसरमा नगरप्रमुख दाहालले खेलाडीको सम्मानले उनीहरू खेलप्रति अझ प्रोत्साहित हुने विचार व्यक्त गर्दै भरतपुर महानगरपालिकाले खेलाडीसम्मानलाईप्राथमिकतामा राखेको बताउनुभयो। भरतपुर महानगरपालिकाले रङ्गशाला निर्माणदेखि खेलक्षेत्रमा सक्दो सहयोग गर्दै आएको उहाँले आएको बताउनुभयो।जिल्ला क्रिकेट सङ्घका अध्यक्ष सुदीप पियाले खेलक्षेत्रको विकासका लागि महानगरले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभयो।रासस

## निकासी आदेश पछि इजरायलद्वारा दक्षिणी गाजामा पुन:आक्रमण

एएफपी

गाजास्ट्रिप। सेनाले पुनः सघन जनसत्त्या भएका क्षेत्रहरू खाली गर्न आदेश दिएपछि सयौँ प्यालेस्टिनीलाई भाग्न बाध्य तुल्याउँदै इजरायलले मङ्गलबार दक्षिणी गाजामा ताजा आक्रमण गरेको छ।



चिकित्सा स्रोत र प्यालेस्टिनी रेड क्रिसेन्टका अनुसार साक्षीहरूले खान युनिस सहर र वरपर धेरै पटक आक्रमण भएको रिपोर्ट गरे, जहाँ आठ जनाको मृत्यु भएको छ भने ३० भन्दा बढी घाइते भएका थिए।हमासको साथमा लडेको आतङ्कवादी समूह इस्लामिक जिहादले दावी गरेको दुर्लभ रकेट प्रहार पछि यो बमबारी भएको हो।

रकेटहरू गाजा सीमा नजिकै इजरायली समुदायलाई लक्षित गरिएको तथा इजरायली "अपराधहरू. हाम्रो प्यालेस्टिनी जनता विरुद्ध" को बदलामा फायर गरिएको इस्लामिक जिहादको सशस्त्र शाखा अल-कुद्स ब्रिगेडले जनएकाने छ। इजरायली सेनाले खान युनिसको क्षेत्रबाट पार गर्ने २० वटा प्रोजेक्टाइलहरू पहिचान गरिएको बताएको छ, जसमध्ये अधिकांशलाई रोकियो छ भने कुनै हताहत भएको छैन।

सोमबार अल-करारा, बानी सुहेला र रफाह र खान युनिसका अन्य सहरहरू खाली गर्ने आदेश दिइएको थियो।रासस

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय सर्लाही
मलंगवा, सर्लाही, नेपाल

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो। मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ।





**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

**ऋण चुक्तागर्नेबारे ३५ दिने सार्वजनिक सुचना**

(प्रकाशन मितिः २०८१/०३/१९ जनकपुर टुडे)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले ऋण लिनु भएकोमा ऋण लिँदाका बखत गरेका कर्जा तपसुक बमोजिम तिर्नु बुझाउनु पर्नेमा नबुझाई कर्जाको शर्त तथा सम्झौताहरु उल्लंघन गर्नु भएकोमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋण नियमित वा चुक्ता गर्ने तर्फ कुनै चाँसो नदेखाई कर्जा चुक्ता गर्न आलटाल गरी बसेको हुनाले यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर समेत तोकिएको म्याद भित्र चुक्ता गर्नुहोला। अन्यथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट कर्जा असुल गरिनेछ, साथै उक्त धित्तोहरुबाट पनि यस संस्थाको सम्पुर्ण रकम असुल उपर नभएमा वा कथमकथाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी सदस्यको एकाघर संगोल परिवारको वा जमानतकर्ताको नाममा रहेको चलअचल सम्पती तथा अन्य जायजेथा सम्पतीबाट संस्थाको विनियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम कर्जा असुल उपर गरी लिने तथा ऋणी सदस्य र जमानीकर्ताहरुलाई कलो सूचीमा समावेश (Black Listing) गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गराइन्छ।

| ऋणी सदस्यको नाम तथा विवरण | ऋणीका फोटो | जमानतकर्ताको नाम तथा विवरण | जमानतकर्ताको फोटो | सुरक्षण लेखीदिएको घरजग्गा |
|---|---|---|---|---|
| नामः सुलेखाकुमारी यादव<br>श्रीमान्ः विरेन्द्र कुमार यादव<br>बुबाः योगानन्द यादव<br>ससुराःविन्देश्वर गदी यादव<br>ना.प्र.प.नं.:६००१/३६९/७८९, सिराहा<br>ठेगानाःइनर्वा ५, सिराहा<br>हालको ठेगानाःलहान न.पा. ६, सिराहा |  | नामःविरेन्द्र कुमार यादव<br>श्रीमतीः सुलेखाकुमारी यादव<br>बुबाःविन्देश्वर गदी यादव<br>बाजेः अच्छे गदी यादव<br>ना.प्र.प.नं.:६००१/३६९/७८९, सिराहा<br>ठेगानाः राजपुर ७, सिराहा<br>हालको ठेगानाःलहान न.पा. ६, सिराहा |  | ऋणी सुलेखा कुमारी यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा लहान नगरपालिकाको लहान बजार ४क कित्ता नं. १०६९ को क्षेत्रफल ०-०-७.५-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सितली देवी साफी<br>श्रीमान्ः सहदेव साफी धोवी<br>बुवाः मोहिती साफी धोवी<br>ससुराः सिताराम साफी<br>ना.प्र.प.नं.: २२८३ सिराहा<br>ठेगानाः पिप्रा प्र ध - ०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | नामः सहदेव धोवी साफी<br>श्रीमातीः सितली देवी साफी<br>बुवाः सिताराम साफी<br>बाजेः<br>ना.प्र.प.नं.: ३६९४/२७०/८४२<br>ठेगानाः पिप्रा प्र ध - ०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा | | ऋणी सितली देवी साफीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा पिप्रा प्र ध -०२ कित्ता नं. ७४० को क्षेत्रफल ०-०-५, जिल्ला सिराहा पिप्रा प्र ध -०२ को कित्ता नं. ७०६ को क्षेत्रफल ०-०-१५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत। |
| नामः सग्यान बती यादवनी<br>श्रीमान्ः माधुरी यादव<br>बुवाः ठकन यादव<br>ससुराः नेवा यादव<br>ना.प्र.प.नं.: ५७८६०७८४<br>ठेगानाः महेशपुर-०३, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०३, सिराहा |  | नामः बेचु यादव<br>बुवाः माधुरी यादव<br>बाजेः नेवा यादव<br>ना.प्र.प.नं.: ६६५१४/५७८६२०६४ सिराहा<br>ठेगानाः महेशपुर - ०३, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०३, सिराहा |  | ऋणी सग्यान बती यादवनीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा महेशपुर हरिनगर-०२ को कित्ता नं. ३०६ कोक्षेत्रफल ०-६-० र जिल्ला सिराहा महेशपुर हरिनगर-०५ को कित्ता नं. १४९ को क्षेत्रफल ०-१०-११ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सुशिला कुमारी कापर<br>श्रीमान्ः सन्जिव कुमार कापर<br>बुवाः राम सिकिल कापर<br>ससुराः अशोक कुमार कामैत<br>ना.प्र.प.नं.: १५/०१/७६/१२७६४, सिराहा<br>ठेगानाः लक्ष्मीपुर पतारी-०१, पिप्रा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | नामः सन्जिव कुमार कापर<br>बुवाः अशोक कुमार कामैत<br>बाजेः राम देव कामैत<br>ना.प्र.प.नं.: १५१०२८/१५१७०, सिराहा<br>ठेगानाः पिप्रा प्र ध - ०३, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा<br>आमा : बदमिया देवी कामैत<br>ना.प्र.प.नं.: २५१२<br>बुवाः गनौरी कामैत<br>ससुराः राम देव कामैत | <br> | ऋणी सुशिला कुमारी कामैतको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा पिप्रा प्र ध - ०५ को कित्ता नं. ५३२ को क्षेत्रफल ०-५-१४.५ र जिल्ला सिराहा पिप्रा प्र ध -०५ को कित्ता नं. ६५० को क्षेत्रफल ०-४-५.५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामःसुद्धी ठाकुर<br>बुबाःअवधि ठाकुर वडही<br>बाजेः वरेसपैत ठाकुर<br>ना.प्र.प.नं.: ५८४२६८४, सिराहा<br>ठेगानाःमझौरा ९, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा २, सिराहा |  | नामःपलट शर्मा<br>बुबाःसुद्धी ठाकुर<br>बाजेः अवधि ठाकुर सोनार<br>ना.प्र.प.नं.: २३०३७/८१, सिराहा<br>ठेगानाःमझौरा ९, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा २, सिराहा |  | |
| नामः पशुपती यादव<br>श्रीमतीः सुनिता देवी यादव<br>बुबाः महेन्द्र प्रसाद यादव<br>बाजेः नेवा लाल यादव<br>ना.प्र.प.नं.: ५२६०८००७, सिराहा<br>ठेगानाः सखुवानन्कारकट्टी-०५, सिराहा |  | | | ऋणी पशुपती यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सीतापुर प्र ध ४ क को कित्ता नं. २५०, २५३, २५७, २५९ र ८ को कित्ता नं. ५५३ को क्षेत्रफल ०-४-१०.५, ०-०-८, ०-१-३.५, ०-१-१०, ०-२-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |

**जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.**
लहान ३, सिराहा
०३३ ५६२४८८

# उतारचढावबीच नेप्से परिसूचक ४७ दशमलव ०४ अङ्कले बढ्यो

काठमाण्डु । तीव्र उतारचढावका बीच मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४७ दशमलव ०४ अङ्कले बढेको छ । मंगलबार नेप्से परिसूचक दुई दशमलव २ ९ प्रतिशतले बढेर दुई हजार एक



सय दशमलव ४३ को बिन्दुमा कायम भएको हो ।

मंगलबारको कारोबार सुरु भएलगत्तै परिसूचक चार प्रतिशतले बढेपछि पहिलो पटक २० मिनेटका लागि कारोबार स्थगित भएको थियो । नेप्सेको नियमअनुसार दोस्रोपटक कारोबार सुरु भएको एक मिनेटमै परिसूचक थप एक प्रतिशत बिन्दुले बढेर पाँच प्रतिशत पुगेपछि कारोबार अर्को ४० मिनेटका लागि बन्द भएको थियो । मंगलबारको कारोबारमा विभिन्न तीन सय १५ कम्पनीको एक करोड १६ लाख ४५ हजार नौ सय पाँच कित्ता शेयर ६० हजार सात सय २० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५७ करोड ६८ लाख ३१ हजार सात सय २० बराबरको कारोबार भएको छ ।

मंगलबार सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन तीन दशमलव ३०, व्यापार तीन दशमलव १२ र बैंकिङ तीन दशमलव ०३ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक दुई दशमलव ०१, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव ०९, जलविद्युत् एक दशमलव ८०, लगानी दशमलव ३१ र जीवन बीमा दुई दशमलव १७ प्रतिशतले बढेको छ । लघुवित्त एक दशमलव ४५, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बीमा दुई दशमलव ४३ र अन्य समूह एक दशमलव ७३ प्रतिशतले बढेको छ ।

मंगलबारको कारोबारमा सबैभन्दा धेरै हिमालयन डिस्टलरी लिमिटेडको शेयर मूल्य आठ दशमलव ५४ र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ९६ प्रतिशतले बढेको छ । शेयर मूल्य घट्नेमा भने सबैभन्दा धेरै उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको छ दशमलव ४६ र हिमालयन ऊर्जा विकास कम्पनीको छ दशमलव २१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु १२ करोड ३३ लाख ८५ हजार पाँच सय ६९ र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको प्रमोटर शेयर तीन लाख ६६ हजार पाँच सय कित्ता शेयर किनबेच भएको छ ।रासस

# तोरीखेती गर्ने किसानलाई करिब २७ लाख अनुदान



झापा । मेचीनगर नगरपालिकाले तोरीखेती गर्ने किसानलाई २६ लाख ८३ हजार अनुदान प्रदान गरेको छ । चालु आर्थिक वर्षमा नगरका १५ वडामा रहेका आठ सय ३३ किसानलाई तोरीखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत अनुदान सहयोग उपलब्ध गराएको हो ।

कृषि शाखा प्रमुख टेकेन्द्र प्रधानले नगरलाई तोरीमा आत्मनिर्भर बनाउने उद्देश्यले तोरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको र कृषकलाई प्रोत्साहनका लागि अनुदान सहयोग प्रदान गरेको बताउनुभयो । उहाँका अनुसार नगरले तोरी खेती प्रवर्द्धनका लागि किसानलाई उत्पादनसँग जोड्न एक किलोग्राम तोरी उत्पादनमा रु १५ अनुदानको व्यवस्था गरेको थियो ।

कम्तीमा पाँच कट्ठादेखि बढीमा एक बिघा जमिनमा तोरीखेती गर्ने किसानलाई अनुदान रकम भुक्तानी गरिने व्यवस्थाअनुसार आठ हजार नौ सय ९० कट्ठा जग्गामा तोरीखेती गरेका किसानलाई अनुदान रकम वितरण गरिएको कृषि शाखा प्रमुख प्रधानले जानकारी दिनुभयो । रासस

# कोशी प्रदेशमा ड्रागन फल खेती गर्ने बढ्दै

विराटनगर । ड्रागन फलले बजार पाउन थालेपछि कोशी प्रदेशमा यसको खेती गर्नेहरुको सङ्ख्या पनि बढेको छ । कृषि विकास निर्देशनालय कोशी प्रदेशका अनुसार हाल प्रदेशका विभिन्न जिल्लामा एक सय ८६ हेक्टर क्षेत्रफलमा ड्रागन फलको खेती भइरहेको र एक सय १० हेक्टरबाट उत्पादन भइरहेको छ ।

प्रदेशका १४ जिल्लामध्ये विशेषगरी छ जिल्लामा ड्रागन फलको खेती भइरहेको छ । झापामा ६० हेक्टर, मोरङमा ३५ हेक्टर, सुनसरीमा २५ हेक्टर, भोजपुरमा छ हेक्टर, इलाममा ११ हेक्टर, सङ्खुवासभामा ३७ हेक्टर जमिनमा यसको खेती भइरहेको कृषि विकास निर्देशनालय कोशी प्रदेशका योजना शाखाका अधिकृत काजिमान प्रधानले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७९/८० मा प्रदेशभरबाट एक हजार दुई सय १९ दशमलव २२ मेट्रिक टन ड्रागन फल उत्पादन भएको अधिकृत प्रधानले बताउनुभयो । बजारमा यसको माग उच्च भएको कारण पछिल्लो समय यसको खेतीप्रति किसानको आकर्षण बढ्दो रहेको कृषि विकास निर्देशनालय कोशी प्रदेशका प्रमुख प्रकाशकुमार डाँगीको भनाइ छ ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी प्रदीप शाह पनि ड्रागन फल उत्पादनमा सक्रिय हुनुहुन्छ । बिदाको समयमा बिहानैदेखि खेतबारीमा भेटिने मोरङको बेलबारी घर भएका शाह केराबारी गाउँपालिका-९ घङ्गरुमा जग्गा भाडामा लिएर कृषि फार्म सञ्चालन गर्नुभएको छ । शाहसहित दुई जना मिलेर ओसिस स्मार्ट एग्रो फार्ममार्फ ड्रागन फलको खेती



गरिरहनुभएको छ ।

खेती सुरु गरेको दुई वर्षबाटै राम्रो आम्दानी हुन थालेको उहाँको भनाइ छ । कूल १५ कट्ठा जमिनमा लगाइएको ड्रागन फलमध्येबाट छ कट्ठामा पहिलो चरणको उत्पादन सुरु भएको छ । वैशाखदेखि असोज मसान्तसम्म उत्पादन दिने उहाँले बताउनुभयो । हालसम्म पाँच सय केजीभन्दा धेरै उत्पादन भइसकेको शाहले जानकारी दिनुभयो । बारीमै थोकमा प्रतिकिलो तीन सयका दरले उक्त फल बिक्री भइरहेको उहाँले बताउनुभयो । उहाँले दुई वर्षअघि झापाबाट ड्रागन फलको बिरुवा ल्याएर यसको खेती सुरु गर्नुभएको थियो । खेतीमा कुनै रासायनिक विषादी प्रयोग नगरेको उहाँको भनाइ छ ।

कोरोना महामारीको सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि लागू भएको बन्दाबन्दीमा निर्माण व्यवसाय छाडेर ड्रागन फल खेतीमा लाग्नुभएका मोरङ सुनवर्शी नगरपालिका-१ का गणेश राई यतिबेला कृषि पेसाबाट सन्तुष्टि मिलेको बताउनुहुन्छ । तत्कालीन समयमा ठूलो जोखिम लिएर रु एक करोडको लगानीमा फर्म सञ्चालनमा ल्याएको र अहिले तुर्छा ड्रागन फ्रुट तथा बहुउद्देश्यीय कृषी फर्ममार्फत ड्रागन फलको खेती राम्रो भइरहेका बताउनुभयो ।

उहाँको फार्ममा यतिबेला दैनिक छ जना कामदार ड्रागन फल टिप्दै गरेको भेटिनुहुन्छ । राईले चार वर्षअघि तीन विघा जमिनमा तीन हजार ड्रागन फलका विरुवा लगाउनुभएको छ । हाल महिनामा तीनदेखि चार पटकसम्म फल टिप्ने गरेको उहाँको भनाइ छ । एकपटकमा करिव तीन क्विन्टल फल टिप्दै गरिएको उहाँले बताउनुभयो । सुरु थोकमा प्रतिकेज रु तीन सय ५० मा बिक्री गर्ने गरिएकोमा हाल प्रतिकेजी रु तीन सयका दरले बिक्री भइरहेको उहाँको भनाइ छ । राईले भन्नुभयो, "ड्रागन फलको खेती सुक्खा र पानी नजम्ने ठाँउमा गर्दा राम्रो हुन्छ एक पटकको लगानीबाट कम्तीमा २५ वर्षसम्म आम्दानी गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

मेक्सिको र दक्षिण अमेरिकाबाट नेपाल भित्रिएको सिउँडी प्रजातिको फल दुई किसिमको हुने कृषि विकास निर्देशनालय कोशी प्रदेशका बागवानी विकास अधिकृत टोनि वर्देवाले बताउनुभयो । उहाँका अनुसार यसको हाँगा काटेर अन्यन्त्र रोप्नुपर्ने हुन्छ । ड्रागन फलमा प्रशस्त मात्रामा भिटामिन सी पाइन्छ ।रासस

# शिक्षण पेसा छाडेर बाख्रापालनमा रमाउदै

धरान । शिक्षण पेसा छाडेर बाख्रापालन गर्दै आएका धरान उपमहानगरपालिका-२० विष्णुपादुकाका राजकुमार राईले त्यसबाट राम्रो आम्दानी गरिरहनुभएको छ । उहाँले व्यावसायिक बाख्रापालनबाट वार्षिक रु पाँच लाखदेखि रु छ लाखसम्म आम्दानी गर्दै आउनुभएको हो ।

१७ वर्षभन्दा बढी समय शिक्षण पेसा गरेका राईले विगत चार वर्षदेखि व्यावसायिक रुपमा बाख्रापालन गर्दै आउनुभएको छ । उहाँले चार वर्षकै अवधिमा तामाखाम गाउँमै सफल व्यवसायीको परिचय बनाउनुभएको छ ।

शिक्षण पेसाबाट सोचेजस्तो कमाइ नभएपछि बाख्रापालन रोजेको बताउने राईले अहिले आम्दानीका साथै आत्मसन्तुष्टि पनि प्राप्त भइरहेको बताउनुभयो । "आफ्नो पेसा व्यवसाय भनेको फरकै हुँदो रहेछ, त्यसैमा कृषि पेसाको आनन्द बेग्लै छ, कसैको करकापमा बस्नु नपर्ने र स्वतन्त्ररुपमा काम गर्न पाइने भएकाले आम्दानी र आत्मसन्तुष्टि दुवै मिल्दो रहेछ", उहाँले भन्नुभयो,"शिक्षण पेसामा लामो समय काम गर्दा पनि सोचेजस्तो कमाइ भएन । आम्दानी नै नभए पनि आत्मसन्तुष्टि पनि हुने कुरै थिएन ।"

राईको बाख्रा फार्ममा अहिले एक सय २६ बाख्रा, बोका, खसी र पाठापाठी छन् । त्यसमध्ये बोयर, जमुनापारि जातका माउ बाख्रासमेत छन् । उहाँले यहाँ उत्पादन गरेका खसी, बोका, बाख्रा धरान १३ मा रहेको धरान कृषि बजारमा लेगेर बिक्री गरिरहनुभएको छ । राई शिक्षण पेसामा रहेका बेला उहाँको परिवारले बाख्रापालन गर्दै आएको थियो । त्यसबेला करिब २० वटा मात्रै बाख्रा थिए । पछि शिक्षण पेसा छाडेर राईले त्यसैलाई व्यावसायिक रुप दिनुभयो । धरान उपमहानगरपालिकाले कृषि अनुदानबाट एउटा बीउ बाख्रा उपलब्ध गराएपछि त्यहीँबाट बाँकी बाख्रा उत्पादन गरेको राईले जानकारी दिनुभयो। "पहिले मेरो परिवारमा फूर्सदको समयलाई सदुपयोग गर्दै बाख्रापालन गर्ने गरिएको थियो, त्यसैलाई मैले व्यवसायिक रुप दिएको हुँ । नजिकै जङ्गल भएकाले धेरै सहज भएको छ । यसका साथै आफ्नो जग्गामा अम्म्रिसो खेती पनि गरिरहेको छु", उहाँले राससँग भन्नुभयो । राईले अम्म्रिसो बेचेर पनि राम्रै आम्दानी हुने गरेको सुनाउनुभयो । शिक्षण पेसा छाडेर कुनैबेला राईलाई विदेश जाने सोचसमेत नआएको होइन तर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने मनसायसहित सुरु गरेको व्यवसायबाट हालसम्म पछुताउनु परेको छैन । राई भन्नुहुन्छ,"परिवारका सदस्यले पनि सहयोग गरिरहेका छन् । विशेषगरी श्रीमतीबाट राम्रो सहयोग पाएको छु । कुनैबेला विदेश जाने सोचसमेत नआएको होइन तर विदेश गएर दुःख गर्नु भन्दा आफ्नो देशमा केही गर्ने भनेर व्यवसाय सुरु गरेको थिए, अहिलेसम्म पछुताउनु परेको छैन । बरु परिवारसँगै बसेर राम्रो आम्दानी र त्योभन्दा बढी आत्मसन्तुष्टि मिलिरहेको छ ।"रासस


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

## पूर्वाधार विकास कार्यालय बारा

कलैया, बारा, नेपाल

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



मधेश सरकार

उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

## भुमिगत, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

बिरगंज, पर्सा, नेपाल

## जनहितमा जारी सूचना

- शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (River Linking Project ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।
- सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।
- सतह सिंचाईमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ।भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ ।
- "व्यवस्थित जलाधार समृद्धिको आधार" भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू-परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- सुख्खा ग्रस्त क्षेत्र घोषणा गरि आपतकालिन रुपमा वोरिङ्ग, डिप वोरिङ्ग, डिप टयुव वेल, स्यालो टयुववेल, सोलार पम्प सिंचाइ प्रविधी प्रयोग गरि सिंचाइ मांगलाई सम्बोधन गरिनेछ ।

# मेयरसहित १८ जनाविरुद्ध पक्राउ पुर्जी जारी

वृन्दावन नगरपालिका-१ स्थित राहुल माछापन्छी तथा कृषि फर्मको गोठ, घर र बाछो घाइते हुने गरी २०८१ जेठ २७ गते साँझ आगो लगाई आपराधिक गतिविधि गरेको भन्दै वृन्दावन-४ का वडाअध्यक्ष श्यामराय यादवका छोरा मुरलीधरराय यादवले मेयर कुर्मीलगायत १४ जनाविरुद्ध जेठ ३० गते इलाका प्रहरी कार्यालय गरुडामा किटानी जाहेरी दिएका थिए ।

**टुडे समाचारदाता**

रौतहट । रौतहटको बृन्दावन नगरपालिकाका मेयर बिनोद राउत कुर्मीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । इलाका प्रहरी कार्यालय गरुडाले रौतहट जिल्ला अदालतबाट पक्राउ गर्न आदेश जारी भएको जनाएको छ। जिल्ला अदालतको आदेश पछि पनि मेयर कुर्मी भने पक्राउ परेका छैनन् ।

उनले दैनिक नगरपालिकाको कामकाज गरिरहेका छन् । पक्राउ पुर्जी जारी भएकै बीच असार १० गते सुरक्षाकर्मीको उपस्थितिमा नगरसभासमेत सम्पन्न गरेका छन् ।




वृन्दावन नगरपालिका-१ स्थित राहुल माछापन्छी तथा कृषि फर्मको गोठ, घर र बाछो घाइते हुने गरी २०८१ जेठ २७ गते साँझ आगो लगाई आपराधिक गतिविधि गरेको भन्दै वृन्दावन-४ का वडाअध्यक्ष श्यामराय यादवका छोरा मुरलीधरराय यादवले मेयर कुर्मीलगायत १४ जनाविरुद्ध जेठ ३० गते इलाका प्रहरी कार्यालय गरुडामा किटानी जाहेरी दिएका थिए ।

प्रहरीले सो जाहेरी दर्ता गरी अदालतबाट असार २ गते पक्राउ पुर्जीको आदेश लिएको छ। इलाका प्रहरी गरुडाका प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले आगजीनको घटनामा मेयर कुर्मीलगायत १४ जनाविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको बताएका छन् ।

'सुरुमा आगजनी गरेको भनेर जाहेरी आएको र पछि हामीले दर्ता गरेर मेयरलगायतकाविरुद्ध पक्राउ पुर्जी पनि लिइसकेका छौं,' उनले अघि थप्दैं भने, ' अर्को पक्षले पनि जेसिबी तोडफोडको जाहेरी लिएर आए पछि त्यो पनि दर्ता गरेर अदालतबाट पक्राउ पुर्जी लिइसकेका छौं ।' मेयर कुर्मी पक्षले जेसिबी तोडफोड भनेर वडाअध्यक्ष श्यामराय यादव, वडा २ का अध्यक्ष सिकिन्द्र पटेल, नगर प्रमुखका प्रत्यासी माओवादी नेता रामप्रसाद पटेललगायत १८ जनाविरुद्ध असार ८ गते जाहेरी दिएको थियो। सो जाहेरी पनि इलाका प्रहरीले दर्ता गरेको जनाएको छ। सोजाहेरी दर्ताको हल्ला पछि वडाअध्यक्ष श्यामराय यादवसहितका व्यक्ति इलाका प्रहरी पुगेर प्रतिबाद गरेका थिए।

वडाअध्यक्ष श्यामले भने, 'आगजनी घटना साम्य पार्न डेढ सातापछि जेसिबी तोडफोड भनेर ल्याएको जाहेरी प्रहरीले नियतबश दर्ता गरेको छ।'

गत जेठ १ गते नगरपालिकाले वागमतीमा नदीजन्य वस्तु उन्खनन् का लागि अमानतमा स्काभेटर प्रयोग गरी ठेकेदारलाई बिक्री गरेको थियो । पूर्वमेयर रामस्नेही राय यादव, माओवादी नेता एवं नगरपालिकाका प्रत्यासी रामप्रसाद पटेल, वडाअध्यक्ष श्यामराय यादवलगायत स्थानीयहरु नियम विपरीत भन्दै बिरोध उत्रेका थिए।

यही बीच मेयर कुर्मी र स्थानीय बीच बागमती नदीमै झगडा भएको थियो । जिल्ला प्रशासन कार्यालमा दुबै पक्षलाई बोलाई प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जेठ २५ गते छलफल गराए । नदीजन्य वस्तु उत्खनन् गर्दा स्काभेटर प्रयोग नगर्ने, चक्का भएको जेसिबी प्रयोग गर्ने भन्ने सहमति भएको थियो । तर मेयर कुर्मीले बलजफ्ती स्काभेटर प्रयोग गरेको भन्दै जेठ २७ गते केही स्थानीय पुगेर तोडफोडमा उत्रे पछि घटनाले उग्र रुपले लिएको छ। त्यसैदिन साँझ वडाअध्यक्ष श्यामराय यादवको फर्ममा आगजनी भएको थियो।

आगजनी घटनामा ५४ लाख ३५ हजार रुपैयाँको क्षति भएको प्रहरीको जाहेरीमा उल्लेख गरेको छ। मेयर कुर्मीले पटक/पटक प्रतिशोध साध्ने काम गरेको र २५/३० जनाको समूहमा आएकाहरुले फर्ममा आगो लगाई दिएको जाहेरीमा लेखिएको छ।

मेयर कुर्मी आफै आगो लगाउने घटनामा संलग्न रहेको जाहेरवाला मुरलीधर यादवले बताए । मेयर कुर्मीले आगजनी घटनामा संलग्न भन्ने आरोप सरासर झुठो भएको बताए। तर किटानी जोहेरीमा उनकै निर्देशनमा आगो लगाएको भनिएको छ। आफुविरुद्धको पक्राउ पुर्जीबारे नगरप्रमुख कुर्मीले इलाका प्रहरी गरुडाले बदमासी गरेको आरोप लगाए।

उनले आफुविरुद्ध लाग्ने १८ जनाको पनि पक्राउ पुर्जी आएको बताए।

इलाका प्रहरी गरुडाले जिल्ला अदालतबाट असार २ गते नै पक्राउ पुर्जीको आदेश लिई प्रहरी चौकी बिश्रामपुर र जिल्ला प्रहरीलाई संचार गरेको थियो।

पक्राउ पुर्जी जारी भईसके पनि प्रहरीले पक्रनको साटो उल्टै नगरसभा गर्न सुरक्षा दिएको भन्दै पूर्व नगरप्रमुख रामस्नेही राय यादव, वडाअध्यक्षहरु श्यामराय यादव र सिकिन्द्र पटेललगायत स्थानीयले विरोध जनाएका छन्। एक साताअघि उनीहरु इलाका प्रहरी गरुडा पुगेर कार्यालय अघि प्रदर्शन समेत गरेका थिए । कुर्मी एकीकृत समाजवादी पार्टीबाट मेयरमा निर्वाचित छन्।

जिल्ला अदालतले मेयर कुर्मीको अलवा वृन्दावन-६ का धर्मेन्द्र पटेल, हरिनारायण राउत, बैजु पटेल, शुसिल पटेल, बजरंगी पटेल, रामअशिष राउत, वडा ९ का सुरेन्द्र पटेल, शंकर पटेल, बच्चु पटेल, वडा २ सिकिन्द्र पटेल, छबिलाल पटेल, देवेन्द्र पटेल, र वडा नम्बर १ का अजय पटेलविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

# विपद् व्यवस्थापनमा सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने: मुख्यमन्त्री



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेशको विपद् व्यवस्थापनमा तीन वटै तहको सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

मंगलबार जनकपुरधाममा आयोजित संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार अन्तर्गत विपद् व्यवस्थापन लागि अन्तरक्रिया कार्यक्रममा उनले तीन वटै तहको सरकारको समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

उनले वर्षायाममा मधेश प्रदेशको आठवटै जिल्लाको पहिलो प्राथमिकतामा बाढीले भेट्ने स्थानमा तटबन्ध लगाएर बाढीबाट हुने क्षति न्यूनीकरण तर्फ लाग्ने बताए। उनले भने,"बाढीको रोकथाम गर्नका लागि बाढी आउनु पूर्व नै जनचेतना जगाउने, विपद् प्रतिकार्यका अभ्यासजस्ता कार्यक्रमलाई बढावा दिनुपर्ने आवश्यक रहेको छ।'

मुख्यमन्त्री सिंहले भने, "कुनै पनि समस्या समाधानका निम्ति समस्या आउनु पूर्व नै उपाय खोज्नुपर्छ, प्रत्येक वर्ष एउटै समस्याबाट जुधिरहेका छौं भने समस्या आउनु पूर्व नै समाधानको बाटो बनाउनुपर्छ।"

सो कार्यक्रममा उपस्थित प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाको समस्या दर्शाउनु हुँदै विपद् व्यवस्थापनमा देखिएका समस्या समाधानमा साधन स्रोतको समेत अभाव भएको बताए । उनीहरूले कुनै ठाउँमा दक्ष जनशक्ति छैनन् भने कुनै ठाउँमा स्रोतका अभाव रहेको उल्लेख गरे। प्रदेशमा आइपर्ने विपद्मध्ये अधिकांश ठाउँमा हुने आगलागी, बाढी र डुबानलाई न्यूनीकरण गर्न जनचेतना फैलाउन आवश्यक रहेको उल्लेख गर्दै यस्ता समस्या समाधानमा तीन वटै तहको सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नु आवश्यक रहेको बताए।

सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापनका लागि टोलीसमेत खटाइएको जानकारी दिँदै आफूहरूसँग भएको स्रोत साधनबाट सेवा दिए पनि अझै स्रोत साधनको आवश्यकता रहेको बताए।

गृह, सञ्चार तथा कानुनमन्त्री विमला अन्सारीको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशका अर्थमन्त्री भरतप्रसाद साह, स्वास्थ्य तथा जनसंख्यामन्त्री सत्रुधनप्रसाद सिंह, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, वन तथा वातावरण मन्त्री त्रिभुवन साहलगायतकाहरुको सहभागिता रहेको थियो।

# गिरिजाप्रसाद कोइरालाको सालिक अनावरण

**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको शताब्दी जन्मजयन्तीको अवसरमा वीरगञ्ज महानगरपालिमा पूर्ण कदको सालिक अनावरण गरिएको छ।



वीरगञ्ज महानगरपालिका २ बाईपास छपकैयामा गिरिजाप्रसाद कोइरालाको पूर्ण कदको सालिकको अनावरण नेपाली कांग्रेसका केन्द्रीय सदस्य नेता शेखर कोइरालाले गरे।

२०७२ साल असार १८ गते नेपाली कांग्रेसका तत्कालीन सभापति एवम् पूर्व प्रधानमन्त्री स्वर्गीय सुशील कोइरालाले सोही ठाउँमा गिरिजाप्रसाद कोइरालाको सालिक अनावरण गरेका थिए।

सो सालिक २०७२ साल भदौ १५ गते मधेश आन्दोलन र नाकाबन्दीको समयमा एक समूहले तोडफोड गरेपछि मघ्रगलबार दोस्रो पटक नेता कोइरालाले सालिक अनावरण गरेको थियो।

सालिक अनावरण समितिका संयोजक तथा नेपाली कांग्रेस क्षेत्र नम्बर २ का सभापति महम्मद साहबुद्धीनले सालिक साढे छ फिट अग्लो रहेको तथा लगभग ११ लाखको लागतमा निर्माण भएको बताए।

सो कार्यक्रममा नेपाली कांग्रेसका उपमहामन्त्री बद्री पाण्डे केन्द्रीय सदस्य एवम् प्रतिनिधि सभा सदस्य पूर्व मन्त्री रमेश रिजाल, केन्द्रीय सदस्य एवम् प्रतिनिधि सभा सदस्य अजय चौरसिया केन्द्रीय सदस्य शंकर पोखरेल, कांग्रेस पर्साका अध्यक्ष जनार्दन सिंह क्षेत्रीलगायतको उपस्थित रहेको थियो।

# यात्रु सवार विंगरमा ठोक्कियो टिपर




**टुडे समाचारदाता**

सिरहा । सिरहाको धनगढीमाई नगरपालिकास्थित पूर्वपश्चिम राजमार्गमा टिपरले विंगरलाई ठक्कर दिएको छ। पश्चिमबाट पूर्वतिर जाँदै गरेको ना १ आ १६४ नम्बरको टिपरले पूर्वबाट पश्चिमतिर आउँदै गरेको ना १ ज ६४३८ नम्बरको विंगरलाई ठक्कर दिएको सिरहा प्रहरीले जनाएको छ।

जिल्लाको धनगढीमाई नगरपालिका- ९ स्थित मुसहर्नियामा मंगलबार अत्यधिक गतिमा गुडिरहेको टिपर अनियन्त्रित भएर विंगरलाई ठक्कर दिएको सिरहा प्रहरीले जनाएको छ।

सो विंगरमा २० जना सवारमध्ये अधिकांश यात्रु घाइते भएका छन् । प्रहरीका अनुसार उनीहरूको दुर्घटनास्थल नजिकैको अस्पतालमा उपचार भइरहेको जनाएको छ।

टिपर र विंगरका सवारी चालकहरु भने फरार भएको र उनीहरूको खोजीकार्य भइरहेको सिरहा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले बताए।

# वर्षाले घर भत्कियो

**टुडे समाचारदाता**

जलेश्वर । अविरल वर्षाका कारण महोत्तरी जिल्लाको गौशाला नगरपालिका -३ नवराजपुरमा एउटा घर भत्किएको छ। सो घर भत्किदा दुई जना घाइते भएका छन्। स्थानीय लक्ष्मण महतोको घर भत्किएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ।



घर भित्र श्रीमान र श्रीमती सुतिरहेको बेला मंगलबार बिहान ३ बजेको समयमा घर भत्किँदा दुबै जना घाइते भएको इप्रका गौशालाले जनाएको छ । सोमवार राति परेको वर्षाले घरको जगसम्म भिजेर माटो गलेका कारण घर भत्किएको पीडित परिवारजनको भनाइ छ।

घर ढलेर आफु घरभित्रैबाट गुहार माग्दा छिमेकीहरुले घरबाट बाहिर निकालेर आफूलाई उपचारका लागि गौशाला नगरपालिका- ४ स्थित गौशाला प्राथमिक स्वास्थ केन्द्र उपचार गराइदिएको बताए। सो घर भित्र लक्ष्मण महतो र उनकी श्रीमती तेतरी देवी महतो बस्दै आएका छन्।

घर भत्किँदा कुनै मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ।

# ४९ जना अभिभावक सम्मानित

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको मटिहानी नगरपालिकाले २० वर्ष उमेर पूरा भएपछि मात्र छोरीको विवाह गरेका ४९ जना अभिभावकलाई सम्मान गरेको छ।

बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत प्रतिबद्ध रही समाजमा राम्रो सन्देश दिने अभिभावकहरुलाई सम्मान गरेको मटिहानी नगरपालिकाले जनाएको छ।



मटिहानीमा मंगलबार आयोजित कार्यक्रममा मटिहानी नगरपालिका प्रमुख हरिप्रसाद मण्डल र महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले २० वर्ष उमेर पूरा गरी छोरीलाई विवाह गरेका ४९ जना अभिभावकलाई दोसल्ला र सम्मानपत्र प्रदान गरे।

बालविवाहलाई निरुत्साहित गर्ने उद्देश्यले वडाले सिफारिस गरेका अभिभावकलाई सम्मान गरिएको महिला, बालवालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपा दासले जनाइन्।

सो कार्यक्रममा बोल्दै नगर प्रमुख मण्डलले समाजमा विद्यमान बालविवाहलाई निरुत्साहित गर्न पालिकाले केही फरक गर्नेलाई सम्मान गरी अरुलाई पनि अनुशरण गर्न सन्देश दिने उद्देश्यले अभिभावकको सम्मान गरेको बताए।

२०८३ सालसम्ममा पालिकालाई बालविवाह मुक्त नगरपालिका बनाउने लक्ष्य लिएको मण्डलले बताए।

प्रमुख जिल्ला अधिकारी गेलालले बालविवाह सामाजिक अपराध र कुरीति रहेकोले यस्तो अन्त्य गर्नु पर्ने बताए।

मटिहानीले बालविवाहलाई निरुत्साहित गर्न विगत १ वर्षदेखि पालिकाभित्र विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गर्दै आएको छ।


# डेढ किलो चाँदी सहित अटो चालक पक्राउ

**टुडे समाचारदाता**

गौर । भारतबाट अवैधरूपमा नेपाल ल्याउँदै गरेको अवस्थामा अटो चालक सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको गौर नगरापालिका-१ बाट रौतहट प्रहरीले एक किलो ४ सय ग्राम चाँदी रौतहटको माधवनारायण नपा- १ स्थित दिपहीका ४२ वर्षीय दिनेश प्रसाद साहलाई पक्राउ गरेको छ।

भन्सार सुरक्षा गार्ड रौतहटबाट खटिएको प्रहरी टोलीले सवारीमा जाँच अभियान चलाएको थियो। सोही क्रममा भारतबाट नेपालतर्फ आउदैं गरेको अटोमा सवार उनको साथबाट चाँदीका गहना बारमद भएको रौतहट प्रहरीले जनाएको छ।



साहले सेतो कपडाको बेल्ट बनाएर कम्मरमा बाँधेर भन्सार छली ल्याउँदै गरेको अवस्थामा १ केजी ४०० ग्राम चाँदीका गहना फेला पारेको रौतहट प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् । उनले बताए अनुसार साहको साथबाट चाँदीको सिक्री ९ पिस, पेच रिँग २ पिस र पाउजु ७ जोर गरी एक लाख ९६ हजार मूल्य बराबरका चाँदी बरामद गरेको छ।

पक्राउ परेका साहलाई बरामद गहनासहित आवश्यक कारवाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ।

# एसईईमा सामुदायिक विद्यालयको उत्कृष्ट नतिजा

**टुडे समाचारदाता**

रौतहट । माध्यामिक शिक्षा परीक्षा (एसईई) मा रौतहटको मौलापुर नगरपालिकाका विद्यालयले उत्कृष्ट नतिजा प्राप्त गरेका छन् ।

मौलापुर नगरपालिकाका सामुदायिक विद्यालयले औसतमा ७५ प्रतिशत नतिजा हासिल गरेका छन् ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु प्रसाद साहले गम्हरिया माविबाट कुल विद्यार्थीमध्ये ९० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको जनाए । त्यस्तै लक्ष्मीमिया माविबाट ८९.४७, पथराबुधरामबाट ८० प्रतिशत, जनता मावि सोनरनियाबाट ६५.०४ र ट मर्यादपुर ५१.७२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको साहले बताए।

देशभर एसईई विद्यार्थीहरुको उत्तीर्ण संख्या ४७.८६ प्रतिशत हुँदा मौलापुर नगरपालिकाको उत्तीर्ण ७५ रहनु खुसीको विषय भएको मेयर रीना कुमारी साहले बताइन्।

नगरपालिकामा आवश्यक शिक्षक १८० हुनुपर्ने ठाउँमा जम्मा ६० जना शिक्षक रहेको छ। जसमा नगरपालिकाद्वारा ६५ नगर शिक्षक थपेर पढाइलाई स्तरीय बनाउन प्रयास गर्दै आएको छ।

सो क्षेत्रका संघीय सांसद समेत रहेका आजपाका अध्यक्ष प्रभु साहले शिक्षा क्षेत्रमा मौलापुरले गरेको लगानीको प्रतिफल देखिएको बताए।

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**मधेश प्रदेश, जनकपुरधाम**

**राय/सुझव सम्बन्धमा**

प्रस्तुत विषयमा सरोकारवाला सबैमा यस प्रशिक्षण केन्द्रबाट संघ, प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सेवाकालीन तालिम कार्यक्रम विगत देखि संचालन हुँदै आएको व्यहोरा विदितै छ । तत्सम्बन्धमा सेवाकालीन तालिम संचालनका लागि प्रशिक्षार्थी छनौट, तहगत प्राथमिकीकरण, तालिम संचालनको समय सीमा लगायतका विषयवस्तुमा यस केन्द्रले गर्नुपर्ने सुधारका सम्बन्धमा राय, सल्लाह, सुझाव उपलब्ध गराई सेवाकालीन तालिमको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग गर्नु हुन अनुरोध छ।

कार्यकारी निर्देशक

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८